महालेखा परीक्षकको कार्यालय

Office of the Auditor General

(संघीय मामिला तथा सामान्य प्रशासननिर्देशनालय)

डोरमुकाम,सिन्धुली

अछ्याबे

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL

पत्र संख्या:२०७५/७६
च.नं. ६९

मिति: २०७५/११/६

विषय: **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यू
गोलञ्जोर गाँउपालीका,
गाँउ कार्यपालीकाको कार्यालय,
सिन्धुली ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७४/७५ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोवारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७५।१०।९मा छलफल पश्चात् तयार गरिएको पाना चौंतिस (३४) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्यौंट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

२०७५।११।६

(प्रेम कुमार अधिकारी)
निर्देशक

बोधार्थ तथा कार्यार्थ:

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सिन्धुली । :- प्रतिवेदन संलग्न छ ।

गोलन्जोर गाउँपालिका
दर्ता नं ३९१८.....
मिति:- २०७५।११।१२

श्री आर्थिक प्रशासन शाखा।
अध्यक्षज्यू खानेतलाई जानकारा
गराई इलमपत गरौं ।
२०७५।११।१२

आर्थिक कारोवारको स्थिति

कार्यालय र गोलञ्जोर गाँउपालीका, गाँउ कार्यपालीकाको कार्यालय, सिन्धुली ।

आर्थिक वर्ष:२०७४/७५

	नाम	कार्यरत अवधि		बेरुजू रकम
		देखि	सम्म	
कार्यालय प्रमुख:	प्र.प्र.अ. श्री टेक नाथ घिमिरे	२०७४/४/१	२०७५/३/३२	२०३०४९२९.६०
लेखा प्रमुख	ले.पा श्री प्रमुराम सुनुवार	२०७४/४/१	२०७५/३/३२	२०३०४९२९.६०

एकिकृत आय व्यय विवरण

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**		१	**चालु खर्च समानिकरण अनुदान**	२७३९०७१५.००
	क) नगद		२	**पूँजीगत खर्च समानिकरण अनुदान**	९३६०१९१३.००
	ख) बैंक	५६१५६६२.४१	३	**आन्तरीक आय**	५५६२५२०.००
२	**राजस्व (आन्तरिक आय)**		४	**सशर्त अनुदान**	०
	क) आन्तरिक राजस्व	१६९३३५४.२०		क) जनस्वास्थ्य शाखा कार्यक्रम	१३७९१८६०.९०
	ख) राजस्व बाँडफाँड			ख)शिक्षा शाखा कार्यक्रम	९५१८९५७७.७५
	ग) अन्य आय			ग)कृषि शाखा कार्यक्रम	११३१०००.००
३	**वित्तीय हस्तान्तरण**			घ) पशु सेवा शाखा कार्यक्रम	८८६८३०.००
	क)वित्तीय समानीकरण अनुदान	१६४४५५०००.००	५	सामाजिक सुरक्षा अनुदान	४४८९८१००.००
	ख) सशर्त अनुदान	११०९९९२६८.६५	६	साना सिचाइ कार्यक्रम	८१४४१९.००
४	**साना सिचाइ कार्यक्रम**	१७१०००.००	७	धरौटी फिर्ता	१३८९४०.००
	क) नेपाल सरकारको श्रोत	८१४४१९.००	८	एल जि सि डि पि	१०४१७५०.००
	ख)एस डी सी सोझै भु.हुने अनुदान	१७१०००.००	९	गरीव संग विशेश्वर कार्यक्रम	३९७०००.००
५	**स्थानिय शासन तथा सामुदायिक विकास कार्यकरम**		१०	संस्कृति प्रवर्धन कार्यक्रम	४०००००.००
	क) चालु खर्च	४४१७५०.००	११	महिला सशक्तीकरण कार्यक्रम	१००००.००
	ग) पुजिगत खर्च	६००००.००	१२	अन्य निकाय बाट प्रप्त(जिसस/श्वास्थ्य)	९७४६७६.००
६	**गरीव संग विशेश्वर कार्यक्रम**	३९७०००.००	१३	कृषि जन सहभागीता	८२४७६.००
७	**संस्कृति प्रवर्धन कार्यक्रम**	४०००००.००		**कुल व्यय**	२८९९१९३०१.६५
८	**महिला सशक्तिकरण कार्यक्रम**	१००००.००		क) नगद मौज्दात	१९९२४०.५०
९	**सामाजिक सुरक्ष भत्ता अनुदान**	४४८९८१००.००		ख) बैंक मौज्दात	४६७१९६२८.११
१०	**वित्तीय व्यवस्था प्राप्ति**			**ग) धरौटी मौज्दात**	६७०००.००
				श्रेस्ता भन्दा बैक मौज्दात बढी	६७३४५१.५०
११	**जनसहभागिता (नगद)**	८२४७६.००			
१२	**विषयगत निकायबाट प्राप्त रकम**	९७४६७६.००			
१३	**धरौटी आय**	२०५९४०.००			
१४	**लगानीको साँवा फिर्ता**				
१५	**अन्य विविध आय**				
	जम्मा	३३६९०५१७०.२६		**जम्मा**	३३७५७८६२१.७६

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम रु.	फछर्यौटको विवरण
	महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना अन्तर्गत स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना वमोजिम कार्यालयको आर्थिक वर्ष २०७४।७५को कारोवारको पेश भएसम्मको श्रेस्ता लगायत प्रमाण कागजात समेतका आधारमा लेखापरीक्षणगर्दा देखिएको व्यहोरा उपर कार्यालय प्रमुख एवं लेखा प्रमुखको उपस्थितीमा मिति २०७५।१०।९ मा छलफल गरी कायम भएको व्यहोरा निम्नानुसार छनः-		
	परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न झिमरुक गाँउपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाँउपालीकाको मुख्य उद्देश्य रहेको छ । यो गाँउपालीक अर्न्तगत ७वडा रहेको ३८ सभा सदस्य १९२ व.की.मी.क्षेत्रफल, १९३२९जनसंख्या र३ नं. प्रदेशमा अवस्थित छ ।		
१.	**खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । गाँउपालिकाको मिति २०७४।३।३९ गते वसेको गाँउसभाले बजेट परित गरेतापनी प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी दिएको देखिएन । प्रचलित ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।		
२.	**वजेट पेश तथा पारितः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान गाँउ कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको मिति २०७४।३।२९ को बैठकबाट बार्षिक नीति तथा कार्यक्रम सहितको आय व्ययको विवरण आर्थिक विधेयक २०७४ र विनियोजन विधेयक २०७४ स्वीकृत गरी गाँउ सभामा पेश गरेको र		

	गाँउ सभा बाट मिति २०७४।३।२९ मा बजेट पारीत गरेको छ । नियमावलीमा भएको व्यवस्था वमोजिमको समयावधिमा वजेत पारित गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।		
३.	**श्रोत अनुमान तथा बजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाँउपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा वजेट सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा समिति गठन गरेको भएपनि सीमा निर्धारण गरेको एवं गाउँपालीकामा पेश गरेको प्रमाण पेश हुन आएन । ऐनमा भएको व्यवस्था वमोजिम श्रोतको अनुमान तथा वजेट सिमा निर्धारण गरि वजेट पारित गर्नुपर्दछ ।		
४.	**बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । तर गाँउपालिकाले यस्तो समिति गठन गरेको भएपनि सो समितिले आगामी वर्षको नीति तथा कार्यक्रमको प्राथामिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन सो समितिले गरेको काम पेश हुन आएन । निति तथा कार्यक्रम साथै कार्यक्रमको प्राथमिकिकरण समेत गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।		
५.	**स्थानीय तथ्याङ्क र अभिलेखः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको पाईएन । तथापी द्वितिय तथ्यांकको प्रयोग गरि जनसंख्या, क्षेत्रफल, सडक ,वैंक वित्तिय संस्था जस्ता तथ्याकंहरु वार्षिक प्रगति प्रतिवेदनमा समावेश गरेको देखियो ।स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वज़ेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।		
६.	**विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाँउपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले कुनै ससफ्टवेयर तयार गरेको पनि पाईएन । महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको सफ्टवेयर पनि ईन्टरनेट जडानको समस्या तथा तालिम प्राप्त पनशक्तिको अभावमा लेखापरिक्षण अवधि सम्म प्रयोगमा ल्याइएको पाईएन । उक्त सफ्टवेर प्रयोगमा ल्याई लेखा व्यवस्थापन कार्यलाई प्रभावकारी		

	बनाउनु पर्दछ ।		
७.	**लक्ष्य तथा प्रगतिः**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० अनुसुचि १ अनुसारको ढाँचामा कार्यक्रम स्वीकृत गरि नियम २५ को अनुसुचि २ को ढाँचामा वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने तथा कार्यालयलाई प्राप्त अख्तियारीको सिमाभित्र रही वार्षिक लक्ष्य तथा कार्यक्रम बमोजिम चौमासिक लक्ष्य सहित कार्यक्रम स्वीकृती प्रगति खुल्ने प्रतिवेदन तयार गरेको पाइएन । लेखापरीक्षणमा उपलब्ध विवरण अनुसार कुल २३१ योजना तथा कार्यक्रम सम्पन्न गर्ने लक्ष्य लिएकोमा नियमावलीमा भएको व्यवस्था वमोजिमको प्रगति प्रतिवेदन तयार गरेको देखिएन । यसवाट कार्यलयको प्रगतिका सम्वन्धमा एकिन हुन सकिएन । कार्यालयले प्रगति प्रतिवेदन तयार गरि स्वीकृत सम्पुर्ण योजनाहरु समयमै सम्पन्न गरी लाभग्राहीलाई दिइने सेवालाई प्रभावकारी वनाउने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।		
८.	**चौमासिक खर्च**अर्थ मन्त्रालयले वार्षिक कार्यक्रम तथा खर्च गर्ने अख्तियारी पत्रका साथ दिएको निर्देशन अनुसार अन्तिम चौमासीक तथा आषाढ महिनामा कुल खर्चको क्रमश ४० र २० प्रतिशत भन्दा वढी हुने गरी खर्च गर्न नहुने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष पुजिगत तर्फ कुल खर्च रु.१० करोड ४१ लाख ९७ हजार खर्च गरेकोमा तेस्रो चौमासिकमा मात्र रु.७ करोड ७१ लाख ९७ हजार अर्थात ७५ प्रतिशत र आषाढ महिनामा रु. ३ करोड ५३ लाख १४ हजार अर्थात ३४ प्रतिशत खर्च गरेको देखियो । यसले अन्तिम चौमासिक तथा आषाढमा खर्च गर्न पाउने अर्थमन्त्रालयको निर्देशनको पालना गरेको देखिएन । कार्यालयले चौमासिक अवधीमा सन्तुलन नमिलाई खर्च गर्दा खर्चको चापले कारोवारको शुद्धतामा असर पर्ने तथा गरिएको कामको गुणस्तरमा असर पर्न जान्छ । अतः कार्यालयले वजेट खर्च गर्दा चौमासिक रुपमा सन्तुलन मिलाएर खर्च गर्नुपर्दछ ।		

क्र.सं.	बजेट उपशीर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
१	समानिकरण र सशर्त समेत	१०४१९७१८३.००	६६५०३७६.००	१९५४८८६६.००	७७९९७९४१.००	३५३१४२८३.००
खर्च प्रतिशत		१००	६	१९	७५	३४

९.	**विषयगत कार्यालय :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ८१ मा गाउपालिका वा नगरपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भइ आएका स्थानीय स्तरका कार्यालयहरु संरचना चल अचल सम्पत्ती संरचना जस्ता विकास निर्माण आयोजनाहरु आदि गाउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था रहेको छ । स्थानीय तहले हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खातातयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य र पशु कार्यालय बाट ती कार्यालय अन्तरर्गतका संरचना, चल अचल		

	सम्पती हस्तान्तरण भई आएको पाईएन । गाँउपालिकाले यस्ता सम्पत्तीको लगत अध्यावधिक गरि सार्वजनिक गर्नुपर्दछ ।		
१०.	**आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्कीएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । यस गाँउपालिकामा आन्तरिक लेखापरीक्षण शाखा गठन गरी लेखापरीक्षण गराउनु पर्नेमा शाखा गठन गरेको देखिएन । यसवर्ष कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गरि आन्तरिक लेखापरीक्षण गराएको देखिएतापनी आन्तरिक लेखापरीक्षणवाट औँल्याइएका बेरुजु अन्तिम लेखापरिक्षण अवधि सम्म फछ्र्यौट गरेको छैन ।		
११.	**कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ बमोजिम दरवन्दी अनुसारको पदपुर्ति गरि कर्मचारी व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले दिउको विवरण अनुसार कर्मचारी दरवन्दी ५६ रहेपनि पदपूर्ति २६ जना मात्र रहेको देखियो । कार्यालयमा २ अधिकृत सहित ३० पद रिक्त रहेका छन । ति मध्ये प्राविधिक तर्फका १३ जना करारमा राखि कार्य संचालन गरिएको छ । दरवन्दी अनुसारको पदपुर्ती गरि सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी वनाउनेतर्फ कार्यालय तथा सम्वन्धित तालुक कार्यालय समेतको ध्यान जानु पर्दछ ।		
१२.	**विशेष भत्ता** - नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । कार्यालयले यो आर्थिक वर्षमा इन्जिनियरलाई मासिक रु.१०,०००।०० तथा सव इन्जिनियरलाई मासिक रु.७०००।०० का दरले विभिन्न ६ प्राविधिक कर्मचारीहरु मासिक भत्ता वापत रु.४९५०००।००वजेट खर्च लेखेको देखिन्छ । कार्य सम्पादनको सुचकांक तयर गरी सोही आधारमा भत्ता भुक्तानी गर्नुपर्नेमा मासिक भत्तादर तोकी भुक्तानी गरेको नियम सम्मत देखिएन । थप सुविधा भुक्तानी गर्दा कार्य सम्पादनमा आधारीत सुचकको आधारमा मुल्याकंन गरि वजेट खर्च लेख्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।		
१३.	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले पशु र स्वास्थ्य कार्यालयले अभिलेख नपठाएको कारण सम्पत्तिको अभिलेख तथा जिन्सीको एकिकृत लगत तयार गरेको पाईएन । जिन्सीको एकिकृत लगत तयार गर्नुपर्दछ ।		

१४.	**बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाँउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउपालीकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक गर्नुपर्नेमा आ.व २०७२।७३ को लेखापरीक्षण प्रतिवेदन अनुसार भनि रु.७८६०००।००को पेश्की लगत कायम गरेकोमा सो भन्दा अगाडिका आर्थिक वर्षमा कायम भएको वेरुजुको लगत तयार गरेको नपाइएको साथै पेश्की समेत फछ्यौंट गरेको पाइएन ।		
१५.	**कल्याण कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । यो आर्थिक वर्षमा आन्तरिक खातावाट कर्मचारी कल्याण खातामा रकम पठाएको पाईएन ।		
१६.	**लक्षित समूह खर्च** : गाँउपालीकाले वजेट तथा कार्यक्रम तयगर्दा लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्नु पर्दछ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाँउपालीकाले महिला,वालवालीका लगायतका विषयगतकार्यक्रममा छुट्टै वजेट विनियोजन, खर्च प्रगति हासिल गरेको अभिलेख नराखेकोले सो सम्वन्धमा एकिन हुन सकिएन ।		
१७.	**व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिवाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाँउपालीकाले दर्ता भएका व्यवसायीहरुवाट कर असुल गरीएको एंव दर्ता हुन नसकेकाको खोजविन गरी दर्ता अद्यावधिक गर्ने गराउने तर्फ ध्यान दिनु पर्दछ ।		
१८.	**सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । गाँउपालिकाले सवारीहरुको दर्ता एवं नविकरणबाट यो वर्ष कुनै पनि रकम असुल गरेको छैन ।		

	गाँउपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका सवारीसाधनको दर्ता , नविकरण गरि राजश्व प्राप्ती गर्नेतर्फ ध्यान दिनु पर्दछ ।		
१९.	**वक्यौता कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ वमोजिम गाँउपालिकाले कर, शुल्क संकलन गर्ने व्यवस्था छ । यस गाँउपालिकामा दर्ता भएका व्यवसायलाई व्यवसाय नविकरणको लागि व्यवसाय कर, घर वहाल कर बुझाउनु पर्ने व्यवासयीहरुको अभिलेख व्यवस्थीत गरेको देखिएन ।यस सम्वन्धमा गाँउपालीकावाट अनुगमन गरि राजश्वको दायरा भित्र नआएका व्यवसायीलाई करको दायरामा ल्याई कर असुली गर्नुपर्ने देखिन्छ ।		
२०.	**सेवा करार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिट्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । गाँउपालिकाले वडा कार्यालय र गाँउपालिकाको कार्यालयमा काम गर्नको लागी आवश्यक भएको भनी विभिन्न मितिमा इन्जिनियर, कम्प्युटर अपरेटर, कार्यालय सहयोगि, नगरप्रहरी जस्ता विभिन्न १३ पदका लागि प्रतिस्पर्धा गरि नियुक्त गरेको दखिन्छ । कार्यालयमा भएका रिक्त दरवन्दी पदपुर्तिको लागि आवश्य पहल गर्नुपर्ने देखिन्छ ।		
२१.	**आर्थिक सहायता :** कार्यालयले आर्थिक साहायता वितरण गर्दा आन्तरिक आयलाई समेत मध्यनजर गरि साहायता मापदण्ड निर्धारण गरि सोही आधारमा आर्थिक साहायता वितरण गर्नु पर्दछ । कार्यालयले यो वर्ष विभिन्न विरामी हरुलाई खर्चको बिल भरपाई वेगर विभिन्न २९ व्यक्ती लाई रु.१८५०००।०० आर्थिक साहायता स्वरुप भुक्तानी गरेको छ ।यस्तो खर्च नियन्त्रण गर्नु पदर्छ ।		
२२.	**सार्वजनिक सुनुवाई :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले योजनाको सार्वजनिक परिक्षण गराएर मात्र भुत्तानी गरेको देखिएपनि गाँउपालीकामा सार्वजनीक सुनुवाई गरेको पाईएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नु पर्ने देखिन्छ ।		
२३.	**प्राथमिकिकरण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले पचवर्षिय आवधिक विकास योजना २०७५ तर्जुमा गरेको देखिन्छ । तयार पारिएको विकास योजनामा विभिन्न क्षेत्रमा ६वटा गौरवका आयोजना तोकिएता पनी कार्यक्रमको प्राथमिकिकरण (प्राथमिकता १,२,३) तोकेको देखिएन । आवधिक विकास योजनाको		

<table>
<tr><td></td><td>प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>२४.</td><td>न्याय सम्पादन-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ मा न्याय सम्पादन प्रकृयाका सम्बन्धमा उल्लेख छ । यो वर्ष गाँउपालिकाको न्याय समितिमा मुद्दा दर्ता ३४ भएकोमा फछ्यौंट ३२ मध्ये २ वटा मुद्धा जिम्मेवारी सारेको जनाएको छ । न्यायिक समितिवाट हुने न्याय सम्पादन प्रभावकारी वनाउनु पर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>२५.</td><td>बैंक मौज्दात : कार्यालयले पशे गरेको श्रेस्ता अनुसार रु.४,७०,२३,७२३।८१ मौज्दात रहेकोमा वास्तविक बैंक मौज्दात रु.४,७५,९२,३२०।११ देखाएकोले फरक रु. ५६८५९६.३० मा मौज्दात वढी देखिएकोले उल्लेखित रकम श्रेस्तामा आम्दानी वाँध्नुपर्ने देखिएको रु.....</td><td>५६८५९६.३०</td><td></td></tr>
<tr><td>२६.</td><td>सुविधाः प्रकादेश नं. ३ अर्न्तगतका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन वमोजिम वाहेकका सुविधा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुलाई भुक्तानी गर्न मिल्ने देखिदैन । ऐनको दफा ८ अनुसार नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको सेवावाट अवकास लिई त्यस्तो सरकार वा तहवाट निवृतिभरण पाइरहेको कुनै व्यक्ति, पदाधिकारी सदस्य वा सभा सदस्य निर्वाचित भएमा त्यस्तो व्यक्तिले मासिक सुविधा वा निवृतिभरण मध्ये कुनै एक मात्र पाउनेछ भनि उल्लेख छ । कार्यालय सँग नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको सेवावाट अवकास लिएका पदाधिकारी तथा सदस्यहरुको विवरण माग गरेमा सो विवरण नरहेको जनाएको छ ।</td><td></td><td></td></tr>
<tr><td>२७.</td><td>प्रमाण वेगरको खर्चः आर्थिक कार्यविधि निमयमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष बजेट खर्च गरि भुक्तानी गरेकोमा देहाय बमोजिमका कार्यक्रममा आवश्यक विल भरपाई वेगर रु.खर्च लेखेको देखियो । बजेट खर्च गरेको विल भरपाई पेश गर्नु पर्ने रु ....
<table>
<tr><th>गो. भौ.नं., मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१३८,०७४/१२/२५</td><td>जालपा प्राबि विभिन्न सामान दराज१, स्टिल टेवल १, टि भि १ जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्ने</td><td>८२८४९.००</td></tr>
<tr><td>१९२,०७५/२/१</td><td>मंगला मा वि कम्प्युटर १, प्रोजेक्टर १, ल्यापटप १ समेत सामानको जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्ने</td><td>१९५६००.००</td></tr>
<tr><td>२२६,०७५/३/११</td><td>प्रभात निमावी टिभि १,ल्यापटप १, प्रोजेक्टर १, कम्प्युटर १ समेत समानको जिन्सी दाखिला पेश गर्नुपर्ने</td><td>२४०००.००</td></tr>
<tr><td>२८५,०७५/३/२८</td><td>कौसिका माध्यमिक विधालय ल्यापटप १, प्रोजेक्टर १, कम्प्युटर २ , दराज १, टेवुल ५ समेत समानको जिन्सी दाखिला पेश गर्नुपर्ने</td><td>३८४०००.००</td></tr>
<tr><td>२९७,०७५/३/२९</td><td>वालज्योती माध्यमिक विधालय टेलीभिजन १, कम्युटर १ समेतका सामान जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्ने</td><td>९६०००.००</td></tr>
<tr><td>३०८,०७५/३/३१</td><td>जनज्योती मा वि ल्यापटप ५ थान जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्ने</td><td>३२७०००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१३२५४४९.००</td></tr>
</table>
</td><td>१३२५४४९.००</td><td></td></tr>
</table>

२८. **अनुदान भुक्तानी:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) वमोजिम अनुदान रकम निकासा भई सम्वन्धित सरकारी वा गैरसरकारी कार्यालयलाई दिएको अनुदान रकमको आय व्ययको प्रगति विवरण लिई जुन कामको लागि रकम उपलब्ध गराइएको हो सोको अनुगमन तथा प्रचलित कानून वमोजिम लेखापरीक्षण समेत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष गाउ कार्यपालिका वाट स्विकृत गरि विभिन्न ९ जना व्यक्ति तथा समुहलाई वाखा पालन, दुग्ध उत्पादन समेतमा गरि रु.७,३५,०००।०० वजेट खर्च लेखेको छ । अनुदान रकम वितरणको नियमित अनुगमन तथा अनुदानको वास्तविक उपदेयताका सम्वन्धमा कार्यालयले एकिन गर्नुपर्ने ,कार्यालयले अनुदान रकम वितरण गर्दा छनौटको मापदण्ड, विधि, क्षेत्र, वजेट तोकि पारदर्शि तवरवाट अनुदानको रकम वितरण गर्नुपर्नेमा विभिन्न ७ वटै वडामा संचालन गर्नका लागि विनियोजन भएको वजेट एउटै फर्मलाई रु.३४,८२,०००।०० अनुदान दिएको देखिन्छ भने वडा नं. २ मा कुनै पनी विषयको अनुदान वितरण गरेको देखिएन । अनुदानको रकमवाट अधिक भन्दा अधिक जनता लाभान्वित गराई अनुदान भुक्तानी गर्नुपर्नेमा सो नगरी भुक्तानी गरेको निगम सम्मत देखिएन । अनुदानको रकम वितरण गर्दा गाँउपालीकाले अधिक भन्दा अधिक जनताले अनुदानको उपयोग गर्न पाउने तवरवाट अनुदान सम्वन्धी निर्देशिका वनाई अनुदान रकम वितरण गर्नुपर्दछ ।

सि.नं.	विवरण	अनुदानको रकम	कैफियत
१	आर्थिक परिवर्तन कृषि समुह	४८४०००.००	गाइ फार्म संचालन
२	सत्यदेवी वाखा फार्म	२४२०००.००	वाखा फार्म संचालन
३	दुग्ध उत्पादक कृषक समुह	१३०६०००.००	गाई फार्म तथा डेरी
४	नमुना सामुहिक वाखा फार्म	२४२०००.००	वाखा फार्म
५	नागेन्द्र वाखा फार्म	३३८०००.००	वाखा फार्म
६	सल्लेरी वाखा फार्म	१४६०००.००	वाखा फार्म
७	आमन्त्रित कृषि फार्म	३४८२०००.००	गाई, वाखा तथा डेरी
८	कोइराला तथा अन्य वाखा फार्म	१४६०००.००	वाखा फार्म
९	कृषक उत्थान दुग्ध सहकारी संस्था	९६४०००.००	गाई फार्म र डेरी
१०	ओम चाउमिन उधोग	९६०००.००	लघुउधम
		७४४६०००.००	

२९. **कर विजक:** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपुर्ती गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसुची ५ र ५ (क) बमोजिमको ढाँचामा कर विजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले विजक नम्वर नवुझिने अस्पस्ट भएको, विजक केरेको जस्ता कैफियत देखिएको देहायका विलवाट मूल्य अभिवृद्धि कर बापत रु.१,३१,१६५.५० भुक्तानी गरेको छ । उक्त

फर्मवाट भुक्तानी लिएको मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु....

गो. भौ.नं., मिति	फर्मको नाम	भुक्तानी रकम	मु अ कर रकम	कैफियत
९,०७४/५/१२	जेके डेक्सटप वर्क एण्ड इन्सिच्युट	३१५०००.००	४०९५०.००	विजक नं. टिपेक्स लगाइ मेटेको
१९,०७४/५/२१	कार्की पानी ट्याङ्की फर्चिचर उधोग	८८५५०.००	११५५०.००	विजक नं.मा कालो लगाई अर्को विजक नं. राखेको
१४७,०७४/१२/१६	कार्की पानी ट्याङ्की फर्चिचर उधोग	२५५५४९.५०	२९३९९.००	विजक नं.मा कालो लगाई अर्को विजक नं. राखेको
१५८,०७४/१२/२७	मनसुन निर्माण सेवा	३३३५५०.००	४३३६१.५०	मु अ. कर नं सच्याएको
१९२,०७४/२/१	कार्की पानी ट्याङ्की फर्चिचर उधोग	४५४३०.००	५९०५.००	विजक नं.मा कालो लगाई अर्को विजक नं. राखेको
जम्मा			१३११६५.५०	

१३११६५.५०

३०. **मुल्य अभिवृद्धि कर**: सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको श्रेस्ता बिल भरपाई स्थानीय निकायले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिलाई खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विलमा समावेश भएको भन्दा वढि भुक्तानी भएको मुल्य अभिवृद्धि कर रु.१५१२१.५८असुल गरी संचित कोष दाखिला गर्नु गर्नुपर्ने रु....

१५१२१.५८

गो भौ नं.,मिति	योजनाको नाम	भुक्तानी भएको मुअ कर	वास्तविक मुअ कर	बढी भुक्तानी रकम
३७,०७४/६/३१	कुशेश्वर २ ट्रान्सफर्मर खरिद	७६१३०.५८	६८८५३.००	७२७७.५८
६०,०७४/९/१४	ॐ शान्ति भवन निर्माण	१०६५२.००	२८०८.००	७८४४.००
जम्मा				१५१२१.५८

३१. **उपभोक्ता समितिः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने तथा उप नियम १३ (क) वमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै कार्य सव कन्ट्रयाक्ट वाट गराई निर्माण कार्य गराउन नहुने उल्लेख छ ।उपभोक्ता समितिबाट प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजनाको प्राविधिक मुल्याकंन गर्दा चेनेजवाइज र आइटमवाइज परिमाण जनाउनु पर्नेमा कुल परिमाणलाई प्रतिशतका आधारमा मुल्याकंन गर्ने गरेको, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्यको पुर्ण पालना गरेको देखिएन ।उपभोक्ता समितिवाट हुने सवै वाटो तथा फिल्ड निर्माण कार्यमा हेभि इक्वीपमेन्ट प्रयोग गरि सव कन्टक्टमा निर्माण

व्यवासयीलाईनै भुक्तानी गरेको देखिएकोले निर्माण कार्यमा प्रतिस्पर्धा नहुने, लागत वृद्धि हुने हुँदा नियमावलीमा भएको व्यवस्था वमोजिम जटिल प्राविधिक कार्य प्रतिस्पर्धात्मक रुपमा गराउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ। यसका केही उदाहरण निम्न वमोजिम छ।

गो भौ नं.,मिति	योजनाको नाम	कार्य सम्पन्न	निर्माण व्यवसायीको नाम	वजेट खर्च रकम
६६,०७४/९/२०	सुखानी कसेनी सल्ले सडक	१२००४२०.४४	सिद्धेश्वर निर्माण सेवा	९६०००.००
६५,०७४/९/२०	ग्वालटार वितिजोर तिनकल्या सडक प्रथम रनिङ्ग विल	१६६२७४८.५९	सिद्धेश्वर निर्माण सेवा	१२८२१९८.८७
६३,०७४/९/१७	कालीआँप जुगापानी सडक प्रथम रनिङ्ग विल	९०८२७१.००	सिद्धेश्वर निर्माण सेवा	७२६६१६.००
८४,०७४/१०/१८	सुर्ली भञ्ज्याङ्ग तिनमाने हर्कपुर धापचोकी सडक	१२०००१६.९१	सिद्धेश्वर निर्माण सेवा	९६०००.००
८०,०७४/१०/२१	प्रावि मुलडाँडा धापचौकी सडक	१२००१२९.६२	सिद्धेश्वर निर्माण सेवा	९६०००.००
१०७,०७४/११/११	सरस्वती भञ्ज्याङ्ग चिलाउने सडक	२८०९२१९.४७	सिद्धेश्वर निर्माण सेवा	२४८७३८३.१५
१६६,०७४/१२/३०	कार्तीके भदौरे सडक	१०९४३९९.००	वन्धु कन्सटक्सन एण्ड सप्लायर्स	८६४०००.००
१९९,०७५/२/९	सोला भञ्ज्याङ्ग साइकल जोन	२२६७५७१.३६	सप्तरगिं कन्स्टक्सन, वाघ भैरव कन्सटक्सन	१७०१००४.००

३२. **पूँजीगतबाट चालु खर्चः** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ। गाँउपालीकाको कार्यालयले यो वर्ष सभाबाट पारित गरि रु. ३,९९,७७०.०० चालु खर्च पुजिगत वजेटमा समावेश गरि वजेट खर्च लेखेको नियम सम्मत देखिएन। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरि वजेट खर्च लेख्नुपर्ने देखिएको रु.....

३९९७७०.००

सिं नं.	गो. भौ.नं., मिति	विवरण	रकम
१	११६,०७४/११/१५	पञ्जिकरण तर्फको कर्मचारीको पारिश्रमिक	३५०००.००
२	११७,०७४/११/१५	पञ्जिकरण व्यवस्थापन खाजा तथा दैनिक भ्रमण भत्ता भुक्तानी	१४०५००.००
३	१८३,०७५/१/३०	नगर प्रहरी वैशाख महिनाको तलव	५१६९०.००
४	१८५,०७५/१/३१	कृषिक्षेत्र दैनिक भ्रमण भत्ता भुत्तानी	१८७८०.००
५	१८८,०७५/१/३१	वडा नं ५ मेलमिलाप केन्द्र खाजा खर्च भुक्तानी	१९२००.००
६	२१८,०७५/३/४	भैपरी आउने पुँजिगत वाट दैनिक भ्रमण भत्ता खर्च	२०६००.००
७	२१३,०७५/३/३	नगर प्रहरी तलव	१०३३८०.००
८	२४७,०७५/३/२४	भैपरी आउने पुँजिगत वाट दैनिक भ्रमण भत्ता खर्च	१०६२०.००
जम्मा			**३९९७७०.००**

३३. **पेश्कीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । गाँउपालीकाले यो वर्ष भुक्तानी गरेका देहाय वमोजिमको पेश्की रकम आर्थिक वर्षको अन्त्य सम्म फछ्यौंट नभई वांकी रहेको देखियो । वाँकी पेश्की फछ्यौंट गर्नुपर्ने रु.....

सि.नं.	मिति	पेश्की लिनेको नाम	रकम
१.	२०७५/३/२९	ना.सु. तिर्थ कुमार भण्डारी	६०००००
२.	२०७५/३/३१	ना.प्रा.स. राम प्रवेश शाह	५००००
३.	२०७५/३/२९	स्वच्छता सरसफाई समिति वडा नं.६	१२५०००
४.	२०७५/३/३१	विपत्त व्यवस्थापन समिति वडा नं.६	५००००
५.	२०७५/३/३१	लिफ्ट सिंचाई ग्वालटार	१३२००००
६.	२०७५/३/३१	देवीस्थान सादा भदौरे खा.पा.यो.	१३२०००
७.	सामाजिक सुरक्षा	वडा सचिव खोत प्रसाद पहाडी	१६१५२००
८.	सामाजिक सुरक्षा	वडा सचिव फरिन्द्र व. थकुरी	१३७९२००
	जम्मा		५२७१४००

५२७१४००.००

३४. **ट्याङ्डी वितरण :**गाउपालीकाले पुँजिगत वजेटवाट कुनै किसिमको वितरण मुखि कार्यक्रम संचालन गर्न हुदैन । कार्यालयले यो वर्ष वडा नं. ३ मा रु.१८०२६०।०० रकमका ८ थान ट्याङ्डी वितरण गरेको देखियो । कार्यालयले यस्ता वितरण मुखि कार्यक्रममा गरेको वजेट खर्च नियम सम्मत नदेखिएको रु.....

१८०२६०.००

३५. **मुल्य अभिवृद्धि करः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको श्रेस्ता बिल भरपाई स्थानीय निकायले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिलाई खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विभिन्न ९ योजनामा मात्र विलमा समावेश भएको भन्दा वढि भुक्तानी भएको मुल्य अभिवृद्धि कर रु. ३७०६३१.३८ भुक्तानी भएकोमा निर्माण व्यवसायीले मुल्य अभिवृद्धि कर विजक जारी नगरेकोले कार्यालयवाट वाहार कर कट्टा गरेको देखिन्छ । वहाल कर कट्टा गरेतापनी मुल्य अभिवृद्धि कर तथा वहार कर फरक दर तथा शिर्षक भएकोले फर रकम सम्वन्धमा कार्यालयवाट एकिन असुल गर्नुपर्ने देखिएको रु.....

अअ	योजनाको नाम	भूक्तानी रकम	मूल्याकन रकम	मू.अ.कर	वास्तविक तेल वापतको मू अ. कर	बहाल कर	फरक राजश्व रकम

३७०६३१.३८

	१	हैवार हुँदै गोलञ्जर डाडा सम्म सडक	१३६०३२०.००	१८००२९१.९४	२३४०३७.९५	४६८०७.५९	१२४४०९.००	६२८२१.३६	
	२	अड खोला कटुञ्जे सडक	६७२०००.००	८५१५२८.५७	११०६९८.७१	२२१३९.७४	६३८३३.००	२४७२५.९७	
	३	डुड भञ्ज्याङ्ग हुदै सिमलटार सडक	९६०००.००	१२०००५५.४२	१५६००७.२०	३१२०१.४४	८२३९०.००	४२४१५.७६	
	४	थाक्ले भैसिगोठ सडक	९६०००.००	१२००३४९.४५	१५६०४५.४३	३१२०९.०९	८६०३४.००	३८८०२.३४	
	५	सल्ले हुदै पाल्ले सडक	५७६०००.००	६०५६२६.३३	७८७३१.४२	१५७४६.२८	४०६२०.००	२२३६५.१४	
	६	वि पि हाइवे खनिया खर्क सुतारछाप सडक	११५२०००.००	१४४०००३.००	१८७२००.३९	३७४४०.०८	११०७९०.००	३८९७०.३१	
	७	च्याकुटार विर्तातार रानागाँउ सडक	९६०००.००	१२००२९९.७२	१५६०३८.९६	३१२०७.७९	७९४३६.००	४५३९५.१७	
	८	रतनचरा चिसापानी भक्तिराम सडक	८६४०००.००	१०८०२६७.०७	१४०४३४.७२	२८०८६.९४	५६०२७.००	५६३२०.७८	
	९	कात्तिके भदउरे वख्ले सडक	८६४०००.००	१०९४३९९.४७	१४२२७१.९३	२८४५४.३९	७५००३.००	३८८१४.५४	
					जम्मा			३७०६३१.३८	
३६.	**सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । तर गाउँपालीकाले निम्नानुसारका मितिमा रु.१६,२२,२०६/- का विभिन्नमेशिनरी सामानहरु तथा बमोजिमका सप्लायर्सलार्ई रु.९,५४,२२८।०० मुल्यका फर्निचर सोझै खरिद गरि भुक्तानी गरेको नियम सम्मत देखिएन । खरिद प्रकृया प्रतिस्पर्धात्मक तवरले गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको रु.....							२५७६४३४.००	

गो भौ नं., मिति	विवरण	सप्लायर्सको नाम	रकम
५,०७४/५/१२	मोवाइल खरिद	एस एस इलेक्टोनिक एण्ड वाच सेन्टर	३९०००.००
७,०७४/५/१२	ल्यापटप खरिद	किरण डेक्सटप	२८२२०.००
८,०७४/५/१२	ल्यापटप तथा डेक्सटप खरिद	न्यु क्यापीटल कम्पुटर्स	३३२२२०.००
९,०७४/५/१२	ल्यापटप तथा डेक्सटप खरिद	जेके डेक्स्टप एण्ड इन्स्टीच्युट	३५५९५०.००
१०,०७४/५/१२	प्रिन्टर खरिद	जेके डेक्स्टप एण्ड इन्स्टीच्युट	१६६६७.००
४१,०७४/७/२०	प्रोजेक्टर खरिद	जि एल इन्फोसिस	१८५८७५
७३,०७४/१०/३	मेशिनरी औजार	सर्भे हाउस इन्टरप्राइजेज	६६७८६.००
८८,०७४/१०/१८	मेशिनरी औजार	सर्भे हाउस इन्टरप्राइजेज	६२७१५.००
१२९ , ०७४/१२/२	ल्यापटप तथा डेक्सटप खरिद	क्यापीटल कक्प्युटर	३८१३७५.००

	१५९,०७४/१२/२७	ल्यापटप खरिद	जेके डेक्सटप वर्क	७३४५०.००		
	१९०,०७५/२/०१	क्यामरा खरिद	साग्रिला विजनेस इन्टरनेसनल	७९९४८.००		
	फर्निचर खरिद					
	१९,०७४/५/२१	विभिन्न फर्निचर खरिद	कार्की पानी ट्याङ्गी फर्निचर उधोग	१००४००.००		
	२८,०७४/६/६	विभिन्न फर्निचर खरिद	कार्की पानी ट्याङ्गी फर्निचर उधोग	९४१२९.००		
	२९,०७४/६/६	विभिन्न फर्निचर खरिद	भगवती स्टील फर्निचर	२५७०७५.००		
	५४,०७४/९/१३	विभिन्न फर्निचर खरिद	कार्की पानी ट्याङ्गी फर्निचर उधोग	१००७५०.००		
	८६,०७४/१०/१८	विभिन्न फर्निचर खरिद	कडेरिया उड सप्लायर्स	१४६३२५.००		
	१४७,०७४/१२/१६	विभिन्न फर्निचर खरिद	कार्की पानी ट्याङ्गी फर्निचर उधोग	२५५५४९.००		
३७.	**रानीखोला हुँदै वडा कार्यालय जाने सडक:** गाँउपालीकाले यो वर्ष रानीखोला हुँदै वडा कार्यालय जाने सडक मर्मतका लागि रु २०००००।०० वजेट विनियोजन गरी सो निर्माण कार्य उपभोक्ता समिति मार्फत गरी रु.१९२०००।०० वजेट खर्च लेखेको देखियो । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार रहेका छन् ।					
३७.१	उक्त निर्माण कार्यको लागि आर्थिक वर्ष २०७३।७४ अर्थात मिति २०७४।३।२६ मा सम्झौता गरि मिति २०७४।३।२९ मा सम्पन्न गर्ने गरि सम्झौता भएकोमा सो अवधिमा निर्माण कार्य सम्पन्न भएको देखिएन । आर्थिक वर्षको अन्त्यमा निर्माण कार्यको सम्झौता गरि निर्माण कार्य उपभोक्ता समितिलाई दिएको तथा उक्त निर्माण कार्यको भुक्तानी यो वर्षमात्र भएकोले गत वर्षमा सृजना भएको दायित्वको अभिलेख कार्यालयवाट राखेको देखिएन ।					
३७.२	उक्त निर्माण कार्यको लागत अनुमान गर्दा नरम प्रकारको माटो र साह्रो प्रकारको माटो खन्ने कार्यको लागि ५० प्रतिशतका दरले हुने ५७२।५० घनमिटरका दरले, ग्राभेल गर्ने कार्य १०८ घनमिटर तथा ड्राइवाल लगाउने कार्य २१ घनमिटर समेत जम्मा रु२४६४६१।७७ लागत अनुमान गरेकोमा उक्त कार्य निर्माण सम्पन्न गर्दा जालीमा ढुंगा भर्ने कार्य १०२ घनमिटर तथा जाली लगाएको ठाँउमा व्याक फिलिङ्ग गर्ने कार्य २१ घनमिटर गरेकोमा लागत अनुमान भन्दा फरक आइटममा निर्माण कार्य गर्दा लागत अनुमान संसोधन गरि स्विकृत गराउनुपर्नेमा सो नगराई अन्तिम भुक्तानी गरेको नियम सम्मत देखिएन ।					
३७.३	उक्त निर्माण कार्यको प्राविधिक मुल्याकंनमा माटो खन्ने कार्यको लागि चेनेज खुलाई चेनेज वाइज मुल्याकंन गर्नुपर्नेमा ११४५ मिटर लामो वाटोलाई एकमुष्ठ ४ मिटर चौडाई र ०.२५ मिटर उचाई गरि मुल्याकंन गरेको देखियो । एकमुष्ठ मापन गरेकोले वास्तविक मापन भएको देखिएन । यस सम्वन्धमा सम्वन्धित कर्मचरीलाई जिम्मेवार वनाउनु पर्दछ ।					
३७.४	प्राविधिक मुल्याकंनमा व्याक फिलिङ्ग गर्ने कार्य २१ घनमिटर भएकोमा सोको दर १६७।२८ प्रति घनमिटरका दरले रु.३४१४।९८ मुल्याकंन गर्नुपर्नेमा प्रतिघनमिटर रु २५३४।०० का दरले मुल्याकंन गरि रु. ५३२१४।०० कायम गरेको देखियो । यसरी दर फरक पारी मुल्याकंन गर्ने कर्मचारीलाई जिम्मेवार वनाई वढि भुक्तानी रकम असुल गर्नु पर्ने देखिएको रु.....		४९६९९.००		

<table>
<tr>
<td>३८.</td>
<td>फरक दर : १६,०७४।५।२१,आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकम भुक्तानी गर्दा रित पुगे नपुगेको जाँच गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले यो वर्ष हैवार गाँउ देखि नारायण डाँडा सम्म सडक निर्माण गर्ने कार्यको लागि रु.२४८२३६।०० को कार्य सम्पन्न गरि रु.१९२०००।०० भुक्तानी गर्दा जे. सी. वी लगाई माटो खन्ने कार्यको लागि देहाय वमोजिमको दर फरक पारी प्राविधिक मुल्याकन गरेको देखियो । दर फरक पारी मुल्याकंन गर्ने प्राविधिक कर्मचरीलाई जिम्मेवार वनाई वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिको रु.....
<table>
<tr><th>सिं.न</th><th>विवरण</th><th>परिमाण(घ.मी.)</th><th>हुनुपर्ने दर</th><th>भएको दर</th><th>वढि भुक्तानी</th></tr>
<tr><td>१</td><td>कडा प्रकारको माटो खन्ने कार्य</td><td>९१२।५०</td><td>५४.७५</td><td>६३.७५</td><td>८२१२.००</td></tr>
<tr><td>२</td><td>नरम प्रकारको माटो खन्ने कार्य</td><td>१८२५।०</td><td>४५.५६</td><td>५३.०६</td><td>१३६८७.५०</td></tr>
<tr><td>३</td><td>नरम प्रकारको चट्टान खन्ने कार्य</td><td>९१२।५०</td><td>८५.७८</td><td>७३.३६</td><td>१००३८.००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>३१९३७.५०</td></tr>
</table>
</td>
<td>३१९३७.५०</td>
<td></td>
</tr>
<tr>
<td>३९.</td>
<td>कृष्ण मन्दीर हुँदै चिसापानी जाने सडक:२५,०७४।५।३०, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकम भुक्तानी गर्दा रित पुगे नपुगेको जाँच गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष कृष्ण मन्दीर हुँदै चिसापानी जाने सडक निर्माण कार्यका लागि रु २७५०००।०० लागत अनुमान गरि सोही वमोजिमको कार्य सम्पन्न गरि भुक्तानी गरेकोमा पहिले भएको सडकमा ग्राभेल मिक्स माटो सम्याउने कार्यको लागि प्रतिघन मिटर रु.४०१।७० दर विष्लेषण रहेकोमा प्रति घनमिटर रु.४४० का दरले ३२५ घनमिटरको भुक्तानी गर्दा रु.२३७५०।०० वढि भुक्तानी गरेको देखियो । दर फरक पारी वढि भुक्तानी भएको रकम असुल गरि दखिला गर्नुपर्ने देखिएको रु.....</td>
<td>२३७५०.००</td>
<td></td>
</tr>
<tr>
<td>४०.</td>
<td>वाटो मर्मत: २६,०७४।६।४, गाँउपालीकाको कार्यालयले सडक मर्मत कार्य अर्न्तगत वडा नं. ५ रतनचुरा जाने वाटो मर्मतका लागि गत आर्थिक वर्षमा सम्झौता गरि यो वर्ष रु.२१६०००।०० वजेट खर्च लेखेकोमा व्याक फिलिङ्ग गर्ने कार्यको मुल्याकंन ९६ घनमिटरको प्रतिघन मिटर रु ९९१ का दरले रु.९५१३६।०० मुल्याकन गरि भुक्तानी गरेको देखियो । उक्त निर्माण कार्यको वास्तविक दर प्रतिघनमिटर रु.१६७३८ मात्र रहेकोले दर फरक पारी वढि मुल्याकंन गरेको सम्वन्धमा कार्यलयवाट एकिन गरि वढि भुक्तानी रकम असुल गर्नुपर्ने देखिएको रु.....</td>
<td>६२१२५.२०</td>
<td></td>
</tr>
<tr>
<td>४१.</td>
<td>वडा कार्यालय मर्मत : २७,०७४।६।५, निर्माण कार्यको भुक्तानी गर्दा वास्तविक नाप जाँचको आधारमा मात्र भुक्तानी गर्नुपर्दछ । गाँउपालीकाको कार्यालय भवन यो वर्ष वडा नं. ५ को कार्यालयल निर्माणको लागि रु.५००००।०० वजेट विनियोजन गरि उपभोक्ता समिति मार्फत निर्माण कार्य गरि रु.४८०००।०० वजेट खर्च लेखेको देखिन्छ । उक्त निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिकले उपभोक्ता समितिले खरिद गरेका विलका आधारमा नापी कितावमा चढाई रु.६००९४५।००को मुल्याकंन गरको देखिन्छ । वास्तविक कामको परिमाण देखिने गरि प्राविधिक मुल्याकंन नगरि नापी किताव तथा कार्य सम्पन्न तयार गरी सोही आधारमा</td>
<td></td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td>वजेट खर्च लेखेको नियमसम्मत देखिएन । विलको रकम नापी किताबमा चढाई मुल्याकंन गर्ने कर्मचारीलाई जिम्मेवार बनाई वास्तविक नापजाँचका आधारमा नियमित गर्नुपर्ने देखिएको रु.....</td><td>४८०००.००</td><td></td></tr>
<tr><td>४२.</td><td>अनुगमन खर्चः अनुगमन भत्ता खर्च सम्बन्धमा गाउपालीकाले छुट्टै कार्यविधि तयार गरि कार्यविधिको अधिनमा रहेर मात्र अनुगमन खर्च भुक्तानी गर्नुपर्दछ ।यस गाउपालीकाले अनुगमनको कार्यविधि तयार नगरी योर्ष देहाय बमोजिम रु.६०४५२०.००खर्च लेखेको सम्बन्धमा योजना अनुगमन गरेको विस्तृत विवरण,अनुगमन भत्ताको दर, अनुगमन प्रतिवेदनको कार्यान्वयन समेत एकिन नगरी एकमुस्ट रुपमा अनुगमन भत्ता बजेट खर्च लेखेको नियम सम्मत नदेखिएको रु.....
<table>
<tr><th>गो भौ नं., मिति</th><th>विवरण</th><th>जना</th><th>कर बाहेक रकम</th></tr>
<tr><td>३४,०७४/६/६</td><td>योजना अनुगमन</td><td>१२</td><td>१५७२५०.००</td></tr>
<tr><td>११८,०७४/११/२२</td><td>योजना अनुगमन</td><td>३१</td><td>२३०६९०.००</td></tr>
<tr><td>२०७,०७५/२/७</td><td>योजना अनुगमन</td><td>४</td><td>८०५८०.००</td></tr>
<tr><td>३२०,०७५/३/३१</td><td>योजना अनुगमन</td><td>७</td><td>१३६०००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६०४५२०.००</td></tr>
</table></td><td>६०४५२०.००</td><td></td></tr>
<tr><td>४३.</td><td>वढि भुक्तानीः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) बमोजि कुनै रकम भुक्तानी गर्दा चेक जाँच गरि भुक्तानी गर्नुपर्ने उल्लेख छ । गाँउपालीकाले फिल्डमा कामगर्ने प्राविधिक कर्मचारीलाई थप सुविधा उपलब्ध गराउने निर्णय अनुसार सब इन्जिनियर दान बहादुर थापा मगरलाई पौष देखि माघ गरि २ महिनाको प्रति महिना रु.७०००।- का दरले रु.१४०००।०० मात्र भुक्तानी गर्ने गरि टिप्पणीमा उल्लेख गरेकोमा ४ महिनाको रु.२८०००।०० भत्ता भुक्तानी गरेको देखियो । भुक्तानीका सम्बन्धमा कार्यालयबाट एकिन गरि प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु.....</td><td>१३८६०.००</td><td></td></tr>
<tr><td>४४.</td><td>प्राविधिक मुल्याकंनः कार्यालयले उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा वास्तविक नापजाँचको आधारमा गर्नुपर्दछ । गाँउपालीकाले कालीआँप जुगापानी हायु भञ्ज्याङ्ग सडक निर्माण कार्य उपभोक्ता समिति मार्फत गराई प्रथम रनिङ्ग रु.९०८२७१।०० को प्राविधिक मुल्याकंन गरि रु.७२६६१६।०० भुक्तानी गर्दा प्राविधिक मुल्याकंनमा वास्तविक मुल्याकंनको दर भन्दा फरक दर प्रयोग गरि रु.६२९१३.८०वढि भुक्तानी गरेको देखिया । फरक दर प्रयोग गरि भुक्तानी गर्ने कर्मचारीलाई जिम्मेवार बनाई वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.....
<table>
<tr><th>सिं.न</th><th>विवरण</th><th>परिमाण(घ.मी.)</th><th>हुनुपर्ने दर</th><th>भएको दर</th><th>वढि भुक्तानी</th></tr>
<tr><td>१</td><td>नरम प्रकारको माटो खन्ने कार्य</td><td>६९२.३१</td><td>५९.६८</td><td>६४.०९</td><td>३०५३.०८</td></tr>
</table></td><td>६२९१३.८०</td><td></td></tr>
</table>

	२	कडा प्रकारको माटो खन्ने कार्य	२५९६.१४	७२.६५	७८.०३	१३९६७.००		
	३	नरम प्रकारको चट्टान खन्ने कार्य	३०२८.८३	१०१.२३	१०८.७१	२३०१९.१०		
	४	मध्यम प्रकारको चट्टान खन्ने कार्य	२३३६.५३	१३२.३३	१४२.१२	२२८७४.६२		
	जम्मा					**६२९१३.८०**		
४५.	**वि पि हाइवे डाँडा कटेरी सडक :** कार्यालयले उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा वास्तविक नापजाँचको आधारमा गर्नुपर्दछ । गाँउपालीकाले निर्माण कार्य उपभोक्ता समिति मार्फत गराई प्रथम रनिङ्ग रु.६५२२३६।१४ को प्राविधिक मुल्याकंन गरि रु.५२१८६०।०० भुक्तानी गर्दा प्राविधिक मुल्याकंनमा वास्तविक मुल्याकंनको दर भन्दा फरक दर प्रयोग गरि रु.१४८४७४.६८ वढि भुक्तानी गरेको देखियो । फरक दर प्रयोग गरि भुक्तानी गर्ने कर्मचारीलाई जिम्मेवार वनाई कार्यालयवाट वास्तविक कार्यको एकिन गरिवढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु..... **सिं.न** **विवरण** **परिमाण(घ.मी.)** **हुनुपर्ने दर** **भएको दर** **वढि भुक्तानी** १ नरम प्रकारको माटो खन्ने कार्य ३३२२.४९ ५९.६८ ७८.०२ ६०९३४.४६ २ कडा प्रकारको माटो खन्ने कार्य ३६९१.६५ ७२.६५ ९३.७८ ७८००४.५६ ३ नरम प्रकारको चट्टान खन्ने कार्य ३६९.१७ १०१.२३ १२७.०६ ९५३५.६६ **जम्मा** **१४८४७४.६८**						१४८४७४.६८	
४६.	**अग्रिम कर:** आयकर ऐन २०५८ को दफा ८९ अनुसार भुक्तानी रकममा अग्रीम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाको कार्यालयले यो वर्ष एम्वुलेन्स खरिदका लागि रु.१५००००।०० वजेट विनियोजन गरि नेपाल सरकारको निर्णय वमोजिम भन्सार छुट गराई सिप्रदी ट्रेडिङ्ग प्रा. ली मार्फत एम्वुलेन्स खरिद गरि रु.१०१२३८०।०० भुक्तानी गरेकोमा अग्रिम आयकर कट्टी नगरी भुक्तानी गरेको देखियो । भुक्तानीमा अग्रिम आयकर कट्टा नगरेको रकम असुल गरि दखिला गर्नुपर्ने रु.....						१५१८५.७०	
४७.	**प्रा. वि. मुलडाँडा धापचौकी सडक :** गाँउपालीकाले यो वर्ष प्रा. वि. मुलडाँडा धापचौकी सडकको ट्रयाक खोल्ने कार्यको लागि चेनेज नं. ०+००० देखी ३+३५५ सम्मको लागि रु. १५८७९३८।३१ को लागत अनुमान तयार गरि उपभोक्ता समिति मार्फत कार्य गराउदा उपभोक्ता समिति सँग भएको सम्झौतामा कुल लागत रु.१२००००।०० मात्र उल्लेख गरी जनश्रमदानको रकम उल्लेख गरेको देखिएन । उक्त सडक निर्माणको प्राविधिक मुल्याकंन गर्दा चेनेज ०+००० देखी २+३०० सम्म ट्रयाक निर्माण भइ सोको प्राविधिक मुल्याकंन रु १२००१२९।६२ गरि गाँउपालीकावाट कन्टिनजेन्सी रकम रु ४०००।०० कट्टा गरि रु.९६०००।०० भुक्तानी गरेको देखियो । उपभोक्ता समिति सँग सम्झौता गर्दा स्पस्ट रकम उल्लेख नगरेको, निर्माण कार्य गर्ने परिमाणको लागत							

<table>
<tr><td></td><td>छुट्टै निर्माण नगरी सम्झौता गरेको, प्राविधिक मुल्याकंन गर्दा कुल परिमाणको आधारमा सवै चेनेजमा समान नरम माटो ४५ प्रतिशत, कडा माटो ४५ प्रतिशत र नरम चट्टान १० प्रतिशत गरि प्राविधिक मुल्याकन गरेकोले निर्माण कार्यको वास्तविक परिमाणका सम्वन्धमा एकिन हुन सकिएन । यसमा सुधार गर्नुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>४८.</td><td>आरुखोला हाइवेवाट वागेश्वर डक : कार्यालयले उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा वास्तविक नापजाँचको आधारमा गर्नुपर्दछ । गाँउपालीकाले उक्त सडकको चेनेज नं. ०+००० देखी १+३२१३ अन्य १४० मिटर वाटोनिर्माण कार्य उपभोक्ता समिति मार्फत गराई रु.१०८००८२।८५ को प्राविधिक मुल्याकंन गरि रु.८६४०००।०० भुक्तानी गर्दा प्राविधिक मुल्याकंनमा वास्तविक मुल्याकंनको दर भन्दा फरक दर प्रयोग गरि रु.१६०८७५।५६ वढि मुल्याकंन गरेको देखियो । फरक दर प्रयोग गरि भुक्तानी गर्ने कर्मचारीलाई जिम्मेवार वनाई कार्यालयवाट वास्तविक कार्यको एकिन गरि कार्यालयवाट भुक्तानी भएको ८० प्रतिशतले हुनेवढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.....
<table>
<tr><th>सिं.न</th><th>विवरण</th><th>परिमाण(घ.मी.)</th><th>हुनुपर्ने दर</th><th>भएको दर</th><th>वढि मुल्याकंन</th></tr>
<tr><td>१</td><td>नरम प्रकारको माटो खन्ने कार्य</td><td>५०१९.७२</td><td>५९.६८</td><td>७१.३७</td><td>५८६८०.५२</td></tr>
<tr><td>२</td><td>कडा प्रकारको माटो खन्ने कार्य</td><td>५०१९.७२</td><td>७२.६५</td><td>८५.७८</td><td>६५९०८.९२</td></tr>
<tr><td>३</td><td>नरम प्रकारको चट्टान खन्ने कार्य</td><td>२५०९.८६</td><td>१०१.२३</td><td>११६.०५</td><td>३६१९६.१२</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१६०७८५.५६</td></tr>
</table></td><td>१२८६२८.४४</td><td></td></tr>
<tr><td>४९.</td><td>सल्ले तल्लो रानिखोला सडक:गाँउपालीकाले सिम्ले रानिखोला किराते सडडको लागि एक वर्ष रु.९००००।०० वजेट विनियोजन भै चेनेज नं. ०+००० देखी २+६४० सम्मको सडक निर्माण गर्न रु.१३६२४९२।४७ लागत अनुमान गरि पहिलो रनिङ्ग विलमा चेनेज नं. ०+००० देखी २+०८० सम्म मुल्याकंन गरी रु.८४३०८१।८५ मध्ये ८० प्रतिशतले हुने रु ६९०४६५।०० तथा अन्तिम रनिङ्ग विलमा पुनः चेनेज नं. ०+००० देखी ०+२५७ सम्म उल्लेख गरि रु.२१६९३२।९५ मुल्याकंन गरि कुल रु. १०८००१४।८० को कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिन्छ । कार्यालयले पुनः उक्त निर्माण कार्यको लागि मिति २०७४।९।२१ को परिषद् वैठकवाट रु.२५०००।०० वजेट थप गरेको देखियो । एउटै योजना र एउटै सम्झौता तथा उपभोक्ता समितिवाट पुन थप भएको रकमको समेत मुल्याकंन गरि भुक्तानी गरेकोमा फरक फरक कार्य सम्पन्न तथा मुल्याकंन गरेको देखियो । वजेट संसोधन भएपछि लागत अनुमान समेत संसोधन गरि भुक्तानी गर्नुपर्नेमा सो नगरी चेनेज समेत फरक फरक कायम गरि भुक्तानी गरेको नियम सम्मत देखिएन । यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>५०.</td><td>सवारी साधन खरिद- स्थानीय तहले सवारी साधन खरिद गर्दा अर्थ मन्त्रालयको स्वीकृत लिई सवारी साधन खरिद गर्नुपर्ने व्यवस्था भएकोमा गाँउपालीकाले योवर्ष गाँउपालीकाले पुँजिगत वजेट शिर्षकको रकमवाट १२ थान मोटरसाइकल खरिद गरि रु.२८,७४,७००।०० वजेट खर्च लेखेको देखियो । सवारी साधन खरिद गर्दा अर्थ मन्त्रालयको स्विकृती वेगर खरिद गरेको नियम</td><td></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>सम्मत देखिएन । स्विकृति लिएरमात्र सवारी साधन खरिद गर्नुपर्ने रु.....</td><td>२८७४४००.००</td><td></td></tr>
<tr><td>५१.</td><td>लागत अनुमानः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनैपनी खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम ११ अनुसार सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा मालसामानको स्पेशिपिकेशन तयार गर्नुपर्ने उल्लेख छ । तर गाँउपालीकाले क्याटलग प्रकृयावाट १२ थान सवारी साधन मोटरसाइकल खरिद गर्दा लागत अनुमान र स्पेशिफिकेसन तयार गरेको देखिएन । स्पेशिफिकेसन तयार नगर्दा कार्यालयलाई कुन प्रयोजनको कस्तो सवारी साधन आवश्यक परेर खरिद गर्नु परेको हो नखुल्ने एवं नियमावलीको पालना नहुने भएकोले ऐन नियममा तोकिएको प्रकृया पुरा गरेर मत्र खरिद गर्नु पर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>५२.</td><td>धरौटी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) वमोजिम सार्वजनिक निकायले हेभि एक्विपमेण्ट, सवारी साधन, मेशिनरी उपकरण जस्ता समान स्तरका मालसामान उत्पादन वा वितरण गर्ने उत्पादक कम्पनी वा आधिकारीक विक्रेतावाट खरिद गर्दा छनौट भएका प्रस्तावदाता सँग नियम ११० वमोजिमको ५ प्रतिशत धरौटी रकम लिई सम्झौता गर्नुपर्नेमा सो धरौटी रकम नलिई खरिद गरि भुक्तानी गरेको देखियो । गाँउपालीकाले सवारीसाधनको वारेण्टीको समयको सुनिश्चितता गर्न समेत धरौटी लिनु पर्दछ ।
<table>
<tr><th>गो भौ नं., मिति</th><th>विवरण</th><th>सप्लायर्सको नाम</th><th>भुक्तानी रकम</th><th>धरौटी रकम</th></tr>
<tr><td>७५,०७४।१०।११</td><td>४थान मोटरसाइकल खरिद</td><td>क्षितिज इन्टरप्राइजेज</td><td>९६४६००।००</td><td>४२७००।००</td></tr>
<tr><td>८७,०७४/१०/१८</td><td>१ थान स्कुटर तथा ७ थान मोटरसाइकल खरिद</td><td>विष्णु अटो</td><td>१९१०२००।००</td><td>८४५२२।३७</td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td>५३.</td><td>घ्याम्पाटार सिमलटार सडकःगाँउपालीकाले यो वर्ष घ्याम्पाटार सिमलटार सडक निर्माणको लागि रु.६७४१४९।०१ लागत अनुमान गरि उपभोक्ता समिति मार्फत निर्माण कार्य भई प्राविधिक मुल्याकंन अनुसार रु.५०९२१४।००को निर्माण सम्पन्न गरि रु.४३२८३२।०० भुक्तानी गरेको देखियो । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम छन ।</td><td></td><td></td></tr>
<tr><td>५३.१</td><td>आनुपातिक कट्टी : सार्वजनिक खरिद नियमावली , २०६४को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत भएको उक्त सडक निर्माण कार्यको प्राविधिक मुल्याकंन रु.५०९२१४।०० भएकोमा सम्झौता वमोजिम उपभोक्ताको जनश्रमदान २० प्रतिशत अर्थात रु.१०१८४२।१० कट्टा गरि भुक्तानी गर्नुपर्नेमा रु.७६३८२।२२ मात्र कट्टा गरि भुक्तानी गरेकोले भुक्तानीमा आनुपातिक कट्टा नभई बढी भुक्तानी भएको रकम असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु .....</td><td>२५४६०.८०</td><td></td></tr>
</table>

५३.२ उक्त निर्माण कार्यको लागि प्राविधिक मुल्याकंनमा देहाय वमोजिम दर फरक पारी मुल्याकनं गरेको देखिएकोले फरक दर प्रयोग गरि वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको रु.....

सिं.न	विवरण	परिमाण(घ.मी.)	हुनुपर्ने दर	भएको दर	वढि भुक्तानी
१	नरम प्रकारको माटो खन्ने कार्य	४७६.४०	५९.६८	६३.७४	१९३४.१९
२	कडा प्रकारको माटो खन्ने कार्य	९५२.८०	७२.६५	७७.६१	४७२०.१७
३	नरम प्रकारको चट्टान खन्ने कार्य	२०००.८८	१०१.२३	१०८.१३	१३८१०.०७
४	मध्यम प्रकारको चट्टान खन्ने कार्य	१३३३.९२	१३२.३३	१३२.३३	१२०२९.२९
जम्मा					**३२४९३.७२**

३२४९३.७२

५४. **वढि भुक्तानी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) वमोजि कुनै रकम भुक्तानी गर्दा चेक जाँच गरि भुक्तानी गर्नुपर्ने उल्लेख छ । गाँउपालीकाले खोक्लीङ्ग चौर खेलमैदानको फिल्ड निर्माणको लागि रु.२४००१५।९३ को कार्य सम्पन्न गरि सम्झौता वमोजिम रु १९२०००।०० भुक्तानी गर्नुपर्नेमा रु.१९६०००।०० भुक्तानी गरेको देखियो । वढि भुक्तानी भएको रकम असुल गरि संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु....

४०००.००

५५. **आयकर:** आयकर ऐन, २०५८ वमोजिम मूल्य अभिवृद्धि करमा दर्ता नभएका परामर्शदाताको सेवा शुल्कमा १५ प्रतिशतका दरले अग्रिम आयकर कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस गाउपालीकाले यो वर्ष वडा नं.७ खुर्कोट देखी वडा नं. ३ वलेनी सम्म च्याफ्टीङ्ग संचालन गर्न स्थलगत अध्ययन गर्न नेपाल एसोसिएसन नारा सँग परामर्शसेवा मार्फत अध्ययन गरि रु ६५०००।०० भुक्तानी गरेकोमा निजले कर विजक जारी गरेको छैन । साथै मुल्य अभिवृद्धि करमा दर्ता नभएको परामर्श सेवामा १५ प्रतिशत कट्टा गर्नुपर्नेमा १.५ प्रतिशतमात्र कर कट्टा गरेकोले नियमानुसार १५ प्रतिशतका दरले हुने ९७५००।०० मा कट्टा भएको रु.९७५० घटाई हुन आउने रु.८७७५०।०० आयकर असुल गरी संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु.....

८७७५०.००

५६. **साना सिचाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) वमोजि कुनै रकम भुक्तानी गर्दा चेक जाँच गरि भुक्तानी गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष देहाय वमोजिमका सिचाई आयोजनालाई प्रथम रनिङ्ग विलको रकम भुक्तानी गर्दा सम्झौता वमोजिमको अनुपातमा नेपाल सरकारको श्रोत तथा स्विस सरकारको स्रोतवाट वजेट खर्च लेख्नुपर्नेमा सो नगरी एकमुष्ठ नेपाल सरकारको स्रोतवाट वजेट खर्च लेखी स्विस सरकारको वजेट रु.१७१०००।०० गाँउपालीकाको संचितकोषमा मौज्दात

<table>
<tr><td></td><td>राखेको पाइयो । अन्तिम भुक्तानी गर्दा स्रोत मिलान गरि भुक्तानी गर्नुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>५७.</td><td>विमा: साना सिचाई आयोजना तर्फका देहाय वमोजिमका २ आयोजनाको प्राविधिक मुल्याकंन गर्दा कामदारको दुर्घटना विमा समेतको रकम भुक्तानी गरेकोमा विमा वापतको रकम पहिलो विलमानै सम्झौता रकमको ३ प्रतिशतका दरले भुक्तानी गरेको देखियो । उपभोक्ता समितिले विमा वापतको रकम मुल्याकंनको ३ प्रतिशतमात्र भुक्तानी गर्नुपर्ने र सो रमवाट उपभोक्ता समितिले विमा गरेको हुनुपर्नेमा वास्तविक विमा गरेको देखिएन । उल्लेखित विमाको रकम भुक्तानी गर्नुपर्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुलगर्नुपर्ने देखिएको रु.....
<table>
<tr><th>योजनाको नाम</th><th>कुल मुल्याकंन</th><th>विमा वापतको भुक्तानी रकम</th><th>वास्तविक विमा</th><th>वढि भुक्तानी</th></tr>
<tr><td>ओखरेखोला वतासे टुकुण्डे टोल सिचाई आयोजना</td><td>३२९४५८.६२</td><td>४८०२६</td><td>८३४०.००</td><td>३९६८६.००</td></tr>
<tr><td>स्वारा सिचाई आयोजना</td><td>५१७९८०.९८</td><td>४७४९६.००</td><td>०.००</td><td>४७४९६.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>८७१८२.००</td></tr>
</table></td><td>८७१८२.००</td><td></td></tr>
<tr><td>५८.</td><td>अवलोकन भ्रमण: पुँजिगत वजेटवाट अवलोकन, भ्रमण जस्ता कार्यमा खर्च गर्नु हुदैन । नगरपालीकाको कार्यालयले यो वर्ष वडा कार्यालयका पदाधिकारीहरु र कर्मचारी र कृषक समेत कृषि सम्वन्धी पकेट क्षेत्रहरुमा २ दिने अध्ययन अवलोकनका लागि रामेछाप मन्थली गई रु.५०,०००।०० वजेट खर्च भएको दखियो ।यसरी पुजिगत वजेटवाट अवलोकन भ्रमण गरि वजेट खर्च लेखेको नियम सम्मत नदेखिएको रु.....</td><td>५०,०००.००</td><td></td></tr>
<tr><td>५९.</td><td>फरक दर:३०२,०७५।३।२९ ,निर्माण कार्यको भुक्तानी गर्दा वास्तविक नाप जाँचको आधारमा मात्र भुक्तानी गर्नुपर्दछ । गाँउपालीकाले यो वर्ष मान्कुटार, सारौटार फुकुटार विधुत लाइन विस्तारको कार्य उपभोक्ता समिति मार्फत गरि कुल मुल्याकंन रु ९७९५२८।६७ गरि रु.९३८६५६।०० भुक्तानी गरेकोमा उक्त लाइन विस्तारमा प्रयोग भएको ८ मिटर लामो विधुत पोल नेपाल विधुत प्राधिकरणले मुल्य अभिवृद्धि कर समेत रु १६७६९।२० प्रतिपोल रहेकोमा प्राविधिक मुल्याकंनमा रु.१७७९७।५० मुल्याकंन गरि ५० वटा पोलमा रु ५१४१५।०० वढि मुल्याकंन गरि भुक्तानी गरेको देखियो । दर फरक पारी वढि भुक्तानी गरेको रकम असुल गर्नुपर्ने देखिएको रु.....</td><td>५१४१५.००</td><td></td></tr>
<tr><td>६०.</td><td>अधुरो निर्माण कार्य: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष देहाय वमोजिमका योजनाहरुमा देहाय वमोजिम वजेट विनियोजन गरि सम्झौता गरेकोमा सम्झौताको अवधि निर्माण कार्य सम्पन्न गरेको देखिएन । सम्झौता वमोजिम निर्माढा कार्य नगरी वाटो</td><td></td><td></td></tr>
</table>

निर्माण कार्य अधुरो रहेकोले सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

क्र.सं.	निर्माण कार्य	संझौता मिति	सम्झौता रकम	सम्पन्न गर्नुपर्ने मिति	यो वर्ष सम्मको खर्च	भौतिक प्रगति
२	लिफ्ट सिचाइ वडा न.३	२०७४।१२।३०	४४०००००।००	२०७५/३/३०	१३२०००००।००	२७%
३	लिफ्ट सिचाइ वडा न.६	२०७५।७।१३	५५०००००।००	२०७५/३/३०	८२९४२७।००	४५%
४	लिफ्ट सिचाइ वडा न.७	२०७४।१०।९	६८४११६२।५२	२०७५/३/३०	४६४२२६२।००	७०%

६१. **अंग्रेजी शिक्षण अनुदानः** गाँउपालीकाले यो वर्षको गाँउसभावाट पारित वजेट तथा कार्यक्रममा गाँउपालीका क्षेत्रका विधालयमा अग्रेजि शिक्षण कार्यक्रम संचालनको लागि रु.४०,००,०००।०० वजेट विनियोजन गरेकोमा गाँउ कार्यपालीकाले विभिन्न १२ वटा विधालयलाइ अधिकतम रु.७५,०००।०० देखि रु.१००००००।०० सम्म अनुदान दिएको देखियो । उल्लेखित वजेट गाँउपालीकाले विभिन्न शैक्षिक सामाग्रि खरिद गरेको विलको आधारमा भुक्तानी गरेको देखिन्छ ।उल्लेखित अनुदानको रकमवाट विधालयमा अग्रेजि माध्यमवाट शिक्षण गरेको नगरेको सम्वन्धमा कार्यालयले अनुगमन गरेको देखिएन । अग्रेजी माध्यमको शिक्षणका लागि विनियोजित वजेटवाट भएको प्रगतिका सम्वन्धमा कार्यालयले अनुगमन प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

६२. **पारिश्रमिक कर :** आय कर ऐन, २०५८ को दफा ८ मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलब ,भत्ता, दशै खर्च तिहार खर्च, लुगा भत्ता, संचित विदा बापतको रकम लगायतका आयमा नियमानुसार कट्टी गर्न पाउने रकम कट्टी गरि बाँकी रकममा दफा ८७ बमोजिम स्रोतमा कर कट्टी गर्नु पर्ने व्यवस्था छ । यस गाँउपालीकाका इन्जिनियरलाई तलब भत्ता लगायतका विभिन्न भुक्तानी गरेकोमा आयमा समावेश गरि कर कट्टी गरेका देखिएन । प्रचलित ऐनमा व्यवस्था भए बमोजिम रुपारिश्रमिक करअसुल गरि संचित कोष दाखिला गर्नु पर्ने देखिएको रु.....

सि. नं.	कर्मचारीको नाम, थर	कुल आय	करयोग्य आय	कर रकम १ प्रतिशत समेत	कट्टी भएको	नपुग
१	श्री शुशिल शर्मा	४९५५००.००	४९५५००.००	१८३२५.००	४९५५.००	१३३७०.००

१३३७०.००

६३. **भुक्तनी दिन बाकी** भौ नं १२ मितिः२०७४/०५/०४ बाट अर्थिक कार्यविधि नियमावाली २०६४को परिच्छेद ४० को उप दफा ७ र ८ बमोजिम दायित्व सिर्जना भई भुक्तानि दिन बाकीको कच्चावारीमा रहेको खर्च बाहेकको रकम भुक्तानी दिन नमिल्ने व्यवस्था छ ।सुनौला हजार कार्यक्रममा निम्नअनुसार वडा नं कार्यालयहारुलाई आ.व. ७३/७४को कार्यक्रम भुक्तानी भएकोले उक्त रकम नियमित हुनु पर्ने रु

वडा नं	रु.
२	६४०००
५	६४०००
७	६४०००
२	१००००
जम्मा	१९२०००

१९२०००/-

६४. **शिर्षक फरक** :- आर्थिक कार्यविधि नियमावाली २०६४ को नियम ३५को २(क) बमोजिम स्वीकृत बजेट भित्र र सम्बन्धित र खर्च शिर्षकमा पर्छ . खर्च गर्न बाकी छ भने मात्र खर्च गर्नु पर्ने उल्लेख छ ।निम्नअनुसार भौ नं र निम्नअनुसार मितिबाट सरसफाई र सञ्चार बजेट शिर्षक बाट निम्ननुसारको खर्च लेखेको रकम नियमित हुनुपर्ने रु.

भौ नं	मिति	खर्च	रकम
२४१	२०७५/०१/०६	सरसफाई बजेट बाट गाउँ सभाको झ्यालमा ग्रिल र जालि लगाएको	५५०००
२७८	२०७५/०२/०२	सञ्चार महसुलको शिर्षकबाट टेन्डर सूचना खर्च लेखेको	१८०००
३७५	२०७५/०३/२८	सरसफाई बजेट बाट वडा नं ३ को स्वास्थय चौकि फिल्ड सम्याउने र एम्बुलेन्स राख्ने टहरा निर्माण	१३७०००
३८२	२०७५/०३/२८	सरसफाई बजेट उपशिर्षक बाट गाउँपालिकको भवनमा जाने बाटोमा कलभर्ट निर्माण	१६१००

२२६१००/-

६५.	**नपाउने दैनिक भत्ता भुक्तानि** -: भौ नं २४२ मिति :२०७५/०१/११ वाट सि.अ.हे.व. छैटौ गोपाल बहादुर कार्की भितामिन ए कार्यक्रम सुपरभिजन गर्न मिति:२०७४/०७/१६ देखि २०७४/०७/१९ सम्म आफ्नै स्वास्थ्य चौकी अन्तर्गत १५ कि.मि भित्र भएको ठाउ खुर्कोट र रतनचुरा भ्रमण गरेको बिल पेश भएको तथा अनुगमन पर्तिवेदन समेत पेश नभएकोले उक्त रकम भुक्तानी दिन नमिल्ने रु.	४६००	
६६.	**जिन्सि दाखीला** : भौ नं २५२ मिति:२०७५/०१/२४ वाट पशु सेवा प्राविधिक मिन बहादुर थापाको पेश्की फछ्यौंट गर्दा विकास सर्जिकल कन्सर्न प्रा.ली वाट Binocular Microscope (Euromax Holland) १ सेट रु.८८४९६. र भ्याट ११५०४ समेत भुक्तानि भएकोमा उक्त सामान जिन्सि दाखिला प्रमाण पेश नभएको रु.	१०००००	
६७.	**भर्पाई** -: भौन नं ३०९ मिति:२०७५/०३/०३ प्रा.स. राम प्रवेश सिहले मकै वालिमा गवारो किरा नियनत्रण गर्नको लागि न्यु कृपा एग्रो ट्रेडर्स वाट क्लोरोपाईरिफस र साईपरमेथ्रिन १०० को रु.१३५ का दरले १५० वटा खरिद गरेको रु.२०२५० भुक्तानी गरेकोमा मा ११५ बोतल मात्र कृषकले बुझेको भर्पाई पेस भएकोले वाकी ३५ बोतलको रु.२३५ का दरले असुल हुनु पर्ने रु.	४७२५.००	
६८.	**जिन्सि दाखिला**भौ नं ३७६ मिति:२०७५/०३/२८ सामुदायिक केन्द्र व्यवस्थापनको रु.२०,०००।- भुवनेश्वरि सामुदायिक अध्ययन केन्द्रलाई भुक्तानि गरेको रु..... सि.न | सामानको नाम | रकम रु. १ | ल्यापटप १ सेट | ५७६३० २ | ईन्टरनेट एरोनेट | ५४२४० ३ | कुर्चि टेवल | ३७९६८ ४ | पुस्तक | ५२७७९	२०००००	

<table>
<tr><td>६९.</td><td>उक्त रकम वितरण गर्दा शिक्षा तथा मानव श्रोत विकास केन्द्र कार्यक्रम कार्यन्वयन पुस्तिका क्रियाकलाप नं २.१५.११.७८९ अनुसार शिक्षण सिकाई आईसिटि प्रयोगको लागि अनुदान दिदा निम्नअनुसार प्रक्रिया पुर्याई अनुदान रकम वितरण गर्नुपर्नेमा ७५/०३/०८ को कार्यपालिकाको वैठकको निर्णय अनुसार वडा नं ३ सञ्चालित भुवनेश्वरी सामुदायिक अध्ययन केन्द्रलाई भुक्तानि भएको छ ।
१) स्थानीय तहले ईन्टरनेटको पहुच भएका तथा विधुतिय नियमित आपुर्ति भएका विधालयहरुको विवरण तयार गरि ति बिधालयवाट प्रस्ताव माग गर्नु पर्नेमा सो गरेको देखिएन ।
२) विधालयले माध्यमिक तहमा गणित अङ्ग्रेजि र विज्ञान विषय पढाईरहेको शिक्षकको आईसिटि माध्यमवाट शिक्षा गर्न सक्ने क्षमता तत्पर्ता खुल्ने विवरण सहित प्रस्ताव पेश गर्ने पर्नेमा सो गरेको देखिएन ।
स्थानीय तहले अनुदान प्राप्त विधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यन्वयन गरे नगरेको नियमित रुपमा अनुगमन गरि सो को एक प्रति शिक्षा तथा मानव श्रोत केन्द्रमा पठाउनु पर्नेमा सो गरेको देखिएन ।</td><td></td><td></td></tr>
<tr><td>७०.</td><td>सरुवा भ्रमण खर्च :- भौ नं ३९५ मिति:२०७५/०३/३१ अ.हे.व. छेटौ गोपाल बहादुर कार्कीको कार्यक्रम पेश्कि फछ्यौट गर्दा भ्रमण खर्च नियमावाली २०६४ को नियम १० बमोजिम एक जिल्लावाट अर्को जिल्ला वा सोहि जिल्लाको एक कार्यालयवाट २० कि.मि भन्दा वढी दुरी भएको अर्को कार्यालयमा सरुवा वढुवा वा कायममुकायम मुकरर भई जाने पदाधिकारीलाई फुटकर खर्च २०००। भुक्तानी दिनुपर्नेमा हे.अ. लता कोईराला २०७४/१०/१३ वाट जिल्ला स्वास्थय चौकि सांगा वाट खुर्कोट सरुवा भई आएकोमा आउंदा उक्त कार्यालयवाट भ्रमण खर्च भुक्तानि नलिएको रमानामा उल्लेख भएको आधारमा रु.८००० भुक्तानी गरेको पाइएकोले वढी भुक्तानि भएकोले असुल हुनु पर्ने रु.....</td><td>६०००</td><td></td></tr>
<tr><td>७१.</td><td>पाठ्यपुस्तकको रकम निकाशा:- विद्यालयलाई पाठ्यपुस्तकको रकम निकासा दिंदा विद्यार्थी संख्या खुलेको IEMIS रकेर्ड अनुसार भिडान गरी भुक्तानी गर्नु पर्दछ । निम्नअनुसारका विधालयहरुलाई पाठ्यपुस्तकको रकम भुक्तानि गर्दा IEMIS को अभिलेख भन्दा निम्न अनुसारको वढी भुक्तानि गएको रकम असुल हुनुपर्ने रु.
<table><tr><th>सि.न.</th><th>स्कुलको नाम</th><th>EMIS रेकर्ड</th><th>निकासा</th><th>वढी निकासा</th></tr></table></td><td>६४७६</td><td></td></tr>
</table>

	१	विन्देश्वरी नि.मा.वि	१५२४४	१९२६६	३९८२		
	२	विन्दवासिनि प्रा.वि	६९०४	९३८८	२४९४		
७२.	**शिक्षक विद्यार्थी अनुपात :** शिक्षा तथा मानव श्रोत कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विभिन्न भौगोलिक क्षेत्रको लागि प्रति शिक्षक अनुपात पहाडमा प्रति शिक्षक आधारभुत तह ३५ मा.बि.मा ३० कायम भएकोले सो अनुसार मिलान गर्नुपर्नेमा विद्यालयहरुको सो मापदण्ड अनुसार शिक्षक दरवन्दी मिलाई राखेको नपाइएकोले शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ । सि.न. / विधालयको नाम / विधार्थी संख्या / शिक्षक संख्या १ / वच्चापानी प्रा.वि / १९ / २ २ / कुशेश्वरि प्रा.वि. / ३३ / २ ३ / शिद्धकाली प्रा.वि / २२ / २ ४ / प्रा.वि धेद्रे / २८ / ३ ५ / कालिका प्रा.वि / ७२ / २ ६ / जलपादेवि प्रा.वि / ४५ / २ ७ / शिहेश्वरी प्रा.वि / ६८ / २ ८ / सुनकोशि प्रा.वि / ३८ / २ ९ / वालप्रगतिशिल प्रा.वि / २० / ० १० / सत्यदेवि प्रा.वि / २७ / ०		
७३.	**सम्झौता अनुसार कार्य नभएको :-** भौ नं २९७ मिति २०७५/०२/१७ मा रुपान्तरणको लागी सहकार्य नेपाल संग जनचेतना मुलक कार्यक्रम सञ्चालनको लागि सम्झोता गरी भुक्तानी गर्दा उक्त संस्थाले चेतनामुलक कार्यक्रम छनोट गर्दा वा संञ्चालन गर्दा समतामुलक ढंगवाट सहभागिको छनोट प्रक्रिया अवलम्वन गरि वडा कार्यालयको सिफारिसमा सहभागि छनोट गर्नुपर्नेमा सो गरेको नपाएकोले उक्त रकम नियम सम्वत नदेखिएको रु.....	१०००००		

७४. **बैठक भत्ता भुक्तानी :-** स्थानीयतहका पदाधिकारीहरुलाई बैठक भत्ता भुक्तानी गर्दा प्रदेश नं.३ प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ अनुसार भुक्तानी गर्नु पर्दछ । उक्त ऐनमा विढायन समिति लेखा समिति, अनुशासन समिति र न्यायिक समितिको वैठक वस्दा वढीमा वार्षिक १२ वटा वैठकको मात्र भत्ता भुक्तानी गर्नुपर्ने देखिन्छ । तर ऐन विपरित वडा समितिको वैठक वसेको भनि देहाय अनुसार वैठक भत्ता भुक्तानी गरेकोले असूल गर्नुपर्ने रु.....

सि.न.	वडा कार्यालय	वैठक संख्या	भुक्तानि रकम	करकट्टी	बढी भुक्तानि
वडा न १	डुडभन्जयाङ्ग	२१	२२०५००	३३०७५	१८७४२५
वडा न २	वितिजोर	१८	१६२०००	२४३००	१३७७००
वडा न ३	ग्वालटार	३०	२७००००	४०५००	२२९५००
वडा न ४	तिनकन्या	१५	११२५००	१६८७५	९५६२५
वडा न ५	रतनचुरा	२७	२४३०००	३६४५०	२०६५५०
वडा न ६	वाशेश्वर	१५	११२०००	१६८००	९५६२५
वडा न ७	खुर्कोट	१८	१३५०००	२०२२५	११४७७५
जम्मा			१२५५०००	१८८२२५	१०६७२००

१०६७२००/-

७५. **अनुगमन भत्ता:-** स्थानीयतहका पदाधिकारीहरुलाई बैठक भत्ता भुक्तानी गर्दा प्रदेश नं.३ प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ अनुसार भुक्तानी गर्नु पर्दछ । उक्त ऐनमा विढायन समिति लेखा समिति, अनुशासन समिति र न्यायिक समितिको वैठक वस्दा वढीमा वार्षिक १२ वटा वैठकको मात्र भत्ता भुक्तानी गर्नुपर्ने देखिन्छ । सो वमोजिम अनुगमन खर्चको लागि उल्लेख गरेको छैन ।स्वीकृत भ्रमण आदेस र भ्रमण भत्ताको बिलवेगर २७ जना पदाधिकारिहरुले १३१ पटक अनुगमन गरि रु. १२०० र १६०० का दरले रु.१७१२०० करकट्टि रु. २५६८० कट्टा गरि भुक्तानि भएको असुल हुनु पर्ने रू.....

१४५२२०

७६. **बैठक भत्ता भुक्तानी :-** स्थानीयतहका पदाधिकारीहरुलाई बैठक भत्ता भुक्तानी गर्दा प्रदेश नं.३ प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ अनुसार भुक्तानी गर्नु पर्दछ । उक्त ऐनमा विढायन समिति लेखा समिति, अनुशासन समिति र न्यायिक समितिको वैठक वस्दा वढीमा वार्षिक १२ वटा वैठकको मात्र भत्ता भुक्तानी गर्नुपर्ने देखिन्छ । तर ऐन विपरित वडा समितिको वैठक वसेको भनि देहाय अनुसार वैठक भत्ता भुक्तानी गरेकोले असूल गर्नुपर्ने रु.....

सि.न	भौचर नं	मिति	वैटक संख्या	जम्मा रकम	करकट्टी	भुक्तानि
१	२१	२०७५/०५/१५	५८३	५८३०००	८७४५०	४९५५५०

२११२६७५.००

२		छुट भत्ता	२९१	२९१५००	४३७२५	२४७७७५
३	१३९	२०७४/९/१३	३८०	५७१५००	८५७२५	४८५७७५
४	२०३	२०७४/११/२३	२२१	३३३०००	४९९५०	२८३०५०
५	२७५	२०७५/०२/०१	४७१	७०६५००	१०५९७५	६००५२५
जम्मा			१९४६	२४८५५००	३७२८२५	२११२६७५

७७. **सामाजिक सुरक्षा भत्ता :** सामाजिक सुरक्षा कार्यक्रम संचालन निर्देशिका २०७५ अनुसार भत्ता भुक्तानी गर्दा नामावली इन्ट्र भएका व्यक्तिहरुलाई मात्र भुक्तानी गर्नुपर्दछ । तर कार्यालयको अभिलेखमा सो नम्सका व्यक्तिलाई समेत भुक्तानी गरेको देखियो । सवै भन्दा वढि जनसंख्या भएको वडा न ६, वाशेश्वर र वडा नं १ डुडभन्जयाङ्गको लेखा श्रेस्ता परीक्षण गर्दा वढी भुक्तानी देखिएको व्यहोराहरु निम्नअनुसार छ । वाकी वडाहरुको हकमा छानविन गरि अध्यावधिक गरि सोको भुक्तानि गर्नुपर्ने छ ।

सि.नं	वडा नं	सामाजिक सुरक्षा किसिम	कार्यालयको मुल अभीलेख			भुक्तानि भएको			बढी भुक्तानि	कैफियत
			प्रथम चौ	दोस्रो चौ	तेस्रो चौ	प्रथम चौ	दोस्रो चौ	तेस्रो चौ		
१	वडा न १ डुडभन्ज्याङ्ग	ज्येष्ठ नागरिक (अन्य)	१२८	१२९	१०३	११६	११३	११०	७	
		एकल/ विधुवा	७१	७८	७७	७०	७४	७२	-	
		दलित ज्येष्ठ	२३	२४	७२	१३	१४	१४	-	
		लोपोन्मुख	८	८	७	८	८	८	१	
		पूर्ण अपाङ्ग	७	७	७	७	७	७	-	
		आसिङ्ग अपाङ्ग	५	७	६	४	५	६	-	
		दलित वालवालिका	६५	६८	५९	५९	६३	५५	-	
		ज्येष्ठ नागरिक (अन्य)	१३७	१४६	१६९	१२८	१४६	१४४	२३	
		एकल/ विधुवा	७८	८४	६९	७३	८४	८४	-	
		दलित ज्येष्ठ	७४	६५	८३	७४	८३	८३	-	

<table>
<tr><td></td><td>
<table>
<tr><td>२</td><td>वडा नं ६
वाशेश्वर</td><td>लोपोन्मुख</td><td>२२५</td><td>२२४</td><td>२२७</td><td>२२४</td><td>२३१</td><td>२३१</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>पूर्ण अपाङ्ग</td><td>८</td><td>१०</td><td>१०</td><td>८</td><td>१०</td><td>१०</td><td>-</td><td></td></tr>
<tr><td></td><td></td><td>आसिङ्ग अपाङ्ग</td><td>५</td><td>१२</td><td>१२</td><td>५</td><td>१२</td><td>१२</td><td>-</td><td></td></tr>
<tr><td></td><td></td><td>दलित बालबालिका</td><td>८४</td><td>९६</td><td>९०</td><td>७७</td><td>१०२</td><td>९७</td><td></td><td></td></tr>
</table>
-वढी भुक्तानि भएको ३१ जनाको प्रति चौमासिक ८००० का दरले असुल हुनुपर्ने रु.</td><td>२४८०००</td><td></td></tr>
<tr><td>७८.</td><td>धरौटि फिर्ता : निम्नअनुसार भौ नं र मितिः बाट धरौटी फिर्ता गर्दा कर समायोजन पत्र संलग्न गरि भुक्तानि गर्नु पर्नेमा कर समायोजन बेगर भुक्तानि भएकोमा कर सामायोजन प्रमाण पेस हुनुपर्न रु.....
<table>
<tr><td>भौ नं</td><td>मिति</td><td>धरौटि फिर्ता लाले सप्लायर्स</td><td>धरौटी रकम</td></tr>
<tr><td>२</td><td>२०७४/१२/०९</td><td>क्षितिज ईन्टरप्राईजेज
विष्णु अटो</td><td>४८२३०
९०७१०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१३८९४०</td></tr>
</table></td><td>१३८९४०</td><td></td></tr>
<tr><td>७९.</td><td>आन्तरिक आयमा दाखिलाः-कार्यालयले जे.के होडिङ्ग ऐण्ड सप्लायर्स बाट रु.६७००० होडिङ्ग बोर्ड बापत आम्दानि भएकोमा आन्तरिक आयमा दाखिला गर्नुपर्नेमा धरौटी खातामा जम्मा भएकोले उक्त रकम आन्तरिक खातामा दाखिला प्रमाण पेश हुनुपर्ने रु.</td><td>६७०००</td><td></td></tr>
<tr><td>८०.</td><td>रसिद नियन्त्रण खाता : कार्यालयले आर्थिक वर्षको सुरुमा वडा कार्यालयहरुलाई र कार्यालयले राजश्व फाटमा रसिद वितरण गर्दा रसिद नियन्त्रण खाता अध्यावधिक राख्नुपर्नेमा सो राखेको देखिएन।</td><td></td><td></td></tr>
<tr><td>८१.</td><td>राजश्व लेखा : आर्थिक कार्यविधि नियमावाली २०६४ को परिच्छेद ३ मा राजश्व दाखिला गर्दा नियम १० बमोजिम प्रत्येक कार्यालयले अर्थ मन्त्रालयबाट स्वीकृत राजश्व वर्गीकरणको व्याख्या अनुरुप लगति तथा हसवली राजश्व आम्दानी दाखिला गरि नियम ९ बमोजिम आम्दानि जनाउदा दोहोरो श्रेस्ता प्रणाली अनुसार राजश्व श्रेष्ताको लागि महालेखा परिक्षकको कार्यालयबाट तोकिएको ढाचामा लेखा अध्यावधिक गरि राख्नुपर्नेमा र लेखा भिड्ने प्रमाणित कागजहरु पनि सिलसिलाबद्ध तरिकाले राखनुपर्नेमा सो राखिएको पाईएन । यसमा सुधार गर्नुपर्दछ।</td><td></td><td></td></tr>
</table>

८२. **राजश्व रकमः**-आर्थिक कार्यविधि नियमावाली २०६४ को परिच्छेद ३ राजश्व दाखिलाको नियम ९ उपनियम ३ बमोजिम कार्यालयले रु.१०००० सम्म को नगदै बुझिलिई त्यस्तो राजश्व रकम दैनिक रुपमा सम्वन्धित खातामा जम्मा गर्नु पर्ने र नगद राजश्व आम्दानि बैङ्क दाखीला विवरणमा प्रविष्ट गर्नुपर्ने छ । दैनिक रुपमा बैङ्क दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरि ७ दिन भित्र त्यस्तो नगद बैङ्क दाखिला गर्नुपर्ने छ । तर कार्यालय हाताभित्र नै बैङ्क सुविधा उपलब्ध भएको अवस्थामा भने नगद बुझन पाईने छैन भने उल्लेख छ । कार्यालयले आम्दानी १०००० भन्दा वढि रकम नगदै बुझेको र नगद आम्दानी ढिला दाखिला गरेको छ । यसमा सुधार गर्नु पर्दछ ।

रसिद नं	वापत	बुझाउने सेवाग्राही	रकम
६१९	नक्सा पास	सुवास वस्नेत	१६५९०
५१८	नक्सा पास	बिनिता कार्की	७२३१३
५०९	"	भुवन थापा	२७७४५
५४६	"	रन्जित देवकोटा	१७५६६
५७७	"	लालीमाया	२०४६९
५९३	"	सुनिता सापकोटा	१७८०३

८३. **मासिक प्रतिवेदन** : आर्थिक कार्यविधि २०६४ को परिच्छेद ३ नियम ११ बमोजिम आय आम्दानि गर्ने प्रत्यक वडा कार्यालयले सम्वन्धित वैङ्कमा जम्मा भएको राजश्वको बैङ्क हिसाव मिलान गरी महिना भुक्तानि भएको ७ दिन भित्र मासिक विवरण तयार गरी कार्यालयमा पठाउनु पर्नेमा सो तयार नगरेको नियम ११ को प्रतिवेदनको अतिरिक्त तालुक कार्यालयले माग गरे बमोजिमको प्रतिवेदन तथा विवरण राजश्व आर्जन गर्ने कार्यालयमा पेस गर्नु पर्नेमा सो गरेको देखिएन । कार्यालय प्रमूखले प्रत्येक महिना आय उठ्न छुट भए नभएको र राजश्व लेखा तथा दाखिलाको निरिक्षण गरि राजश्व हिनामिना भए वा नभएको र नियम १० बमोजिम लगति तथा हसवाली राजश्व लेखा रहेनरहेको यकिन गर्नु पर्ने उल्लेख भएकोमा कार्यालय प्रमुखले वा निजले तोकेको पदाधिकारीवाट निरिक्षण गरेको पाइएन ।

८४. **सेवा प्रवाह :** नगरपलीकाले आफ्नो क्षेत्रभित्रका नगरीकहरुलाई कानुन वमोजिम प्रभावकारी रुपमा सेवा प्रवाह गर्नुपर्दछ । यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।कार्यालयले सार्वजनिक सेवा प्रवाहलाई प्रभवकारी वनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सि.नं.	विवरण	जम्मा
१	घरनक्सा दर्तापास	३०
२	स्थायी इजाजत प्रदान	११
३	निर्माण सम्पन्न सिफारिस	२१
४	विवाह दर्ता	२३३
५	जन्म दर्ता	६१३
६	मृत्यु दर्ता	१५८
७	बसाइ सराई दर्ता	१८१
८	अन्य सिफारिस	०

८५. **कानुन निर्माण र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अर्न्तगत यस वर्ष गाँउपालिकाले देहाय वमोजिमका कानुन निर्माण गरेको देखियो । सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी, मितव्ययी र प्रभावकारी वनाउन आवश्यक कानूनहरु निर्माण गर्ने र अधिकार क्षेत्रभित्रका कानून निर्माण गरि त्यसको कार्यावन्यन गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

१	गाँउपालीकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४
२	कृषि व्यवसाय प्रर्वद्धन ऐन, २०७४
३	सहकारी ऐन, २०७४
४	शिक्षा ऐन, २०७४
५	न्यायिक समिति (कार्यविधि सम्वन्धी) ऐन, २०७४

८६. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ को उप नियम (३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका वेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश

अनुसुची १

जवाफदेहिता मूल्याङ्कन

कार्यालयको नाम: गोलन्जोर गाँउपालिका, गाँउकार्यपालीकाको कार्यालय, सिन्धुली ।

आर्थिक वर्ष: .२०७४।०७५

क्र.सं.	सूचकहरू (Indicators)	कूल अङ्भार	कूल प्राप्तांक	कैफियत
१.	**व्यवस्थापकीय पक्ष (सूचक संख्या : ५)**		०-५	
	i. संगठन सरचना, दरबन्दी र पदपूर्ती, कार्यविवरण तथा जिम्मेवारी बाँडफाँडको स्थिति,	५	२	
	ii. सञ्चालित कार्यक्रम वा सेवाको अनुगमन तथा आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तता,	५	३	
	iii. कार्यालयको भौतिक पूर्वाधार तथा सरसफाईको अवस्था,	५	२	
	iv. गुनासो सुनुवाई तथा तालुक निकायबाट हुने निरीक्षण र निर्देशन कार्यान्वयको अवस्था,	५	३	
	v. सरकारी सम्पत्तिको लगत, सरक्षण, जिन्सी निरीक्षण तथा सोको प्रतिवेदन कार्यान्वयन स्थिति	५	३	
२.	**वित्तीय व्यवस्थापन पक्ष (सूचक संख्या : ५)**		०-५	
	i. निकायको नीति तथा कार्यक्रम, बजेट तर्जुमा र कार्यान्वयनको स्थिति,	५	२	
	ii. बिनियोजन, राजस्व, धरौटी लगायत सबै आर्थिक कारोबार अभिलेख र प्रतिवेदनको अवस्था,	५	३	
	iii. आन्तरिक लेखापरीक्षण र सोबाट औल्याइएका व्यहोरा कार्यान्वयनको स्थिति,	५	३	
	iv. अन्तिम लेखापरीक्षणबाट औल्याइएको बेरुजूको लगत र फछ्यौंटको स्थिति,	५	२	
	v. वित्तीय सूचना प्रणाली प्रयोग र त्यसको उपयोगको अवस्था ।	५	२	
३.	**सेवा प्रवाह (सूचक संख्या : ५)**		०-५	
	i. कार्यालयमा रहेका सेवा प्रवाहसँग प्रत्यक्ष सरोकार राख्ने मेसिन तथा उपकरणहरु प्रयोग रहे नरहेको,	५	२	
	ii. सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाहको स्थिति,	५	३	
	iii. सेवा मापदण्ड निर्धारण, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली, हेल्प डेस्क प्रणाली कार्यान्वयनको अवस्था	५	२	
	iv. निकायबाट प्रवाह हुने सेवाको नागरिक वडापत्र तथा सेवाको गुणस्तर सुधारका सम्बन्धमा उपयुक्त उपायहरुको अवलम्बन,	५	३	
	v. कार्यालयको सेवामा मध्यस्थ वा विचौलिया उपस्थितिको अवस्था ।	५	३	
४	**खरिद व्यवस्थापन/विकास निर्माण (सूचक संख्या : ५)**		०-५	
	i. खरिद कार्यको स्पेसिफिकेसन, डिजाइन र लागत अनुमान यथार्थताको अवस्था,	५	३	
	ii. खरिद विधिको पालना र प्रतिस्पर्धाको स्थिति,	५	३	
	iii. ठेक्का व्यवस्थापनमा समयतालिकाको पालना र पुँजीगत खर्चको स्थिति,	५	२	
	iv. ठेक्काको सम्झौताअनुसार खरिद कारबाहीको सम्पन्नता तथा सम्झौताअनुसार खरिद कार्य नभएको अवस्थामा त्यसउपर गरिएको कारबाहीको स्थिति,	५	३	
	v. तोकिएको मापदण्डअनुसार सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर निर्क्यौलको स्थिति ।	५	२	
	कूल पूर्णांक: १०० प्राप्ताङ्क: ५१ प्रतिशत: ५१ प्राप्त ग्रेडिङ: C		५१	

तह	स्कोर	ग्रेडिंग प्रदान गर्ने आधार:
अति उत्तम	८० –१०० प्रतिशत	A
धेरै राम्रो	६० –७९ प्रतिशत	B
राम्रो	४० –५९ प्रतिशत	C
सामान्य	४० भन्दा घटी प्रतिशत	D

८७. **वित्तीय जवाफदेहिता पालना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकन गर्दा दरवन्दी अनुसारको पदपुर्ती नभएको, आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरि लागु नगरेको, कार्यालयको आफ्नै भवन नरहेकोपुर्वाधार तथा सरसफाईको अवस्था कमजोर रहेको, तालुक निकायवाट निरिक्षण नभएको, जिन्सी निरिक्षण प्रतिवेदनको कार्यान्वयन नगरेको, पुँजिगत खर्च स्थिति कमजोर रहेको, आफ्नै कार्यालय भवन नरहेको, आन्तरिक लेखापरीक्षण नगरेको, अन्तिम लेखापरीक्षणवाट औल्याएको बेरुजू फछ्यौटको कार्यतालिका नबनाएको, खरिद कार्यमा पूर्ण रुपमा लागत अनुमान तयार गर्ने नगरेको, जिन्सी सामानको मर्मत तथा लिलामीको कारबाही नगरेको लगायतका व्याहोरा देखिन आएकोले सो बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तर "C" ग्रेडिङ्ग रहेको छ । प्राप्त नतिजा अनुसूची १ मा उल्लेख छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।

८८. **अनुगमन तथा मूल्यांकनः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

गत वर्षको बेरुजु रकम (रु.)	यो वर्ष फछ्यौट	बाँकी
२७४६५१९.००	०.००	२७४६५१९.००

८९. **अद्यावधिक बेरुजु स्थिति :** झिमरुक पालिकाको आर्थिक वर्ष २०७४/७५ सम्मको फछ्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

गत वर्षसम्मको फछ्यौट गर्न बाँकी (रु.)	यो वर्षको सं.प.बाट कायम समेत बेरुजु (रु.)	जम्मा बेरुजु (रु.)
२७४६५१९.००	२०३०४९२९.६०	२३०५१४४८.६०

उल्लेखित ऐन बमोजिम फछ्यौट गर्न बाँकी सम्पूर्ण बेरुजु असूल फछ्यौट गरिनुपर्दछ ।